पारस खड्का बागमती प्रदेश क्रिकेट संघको ... पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक १०५ • २०८० साल भाद्र १६ गते शनिबार (2 September, Saturday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-



## नेपाल रेल्वेलाई तेल किन्न समस्या आजदेखि बन्द हुने अवस्था

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल रेल्वे कम्पनी महाप्रबन्धकबिहीन भएपछि बिजलपुरा-जनकपुरधाम-जयनगर रेल्वे सेवा नै रोकिने अवस्थामा पुगेको छ। भदौ २ मा कम्पनीका महप्रबन्धक निरञ्जन झाको पदावधि सकिएपछि रेलमा हालिँदै आएको डिजेलको रकमको भुक्तानी रोकिन पुगेको छ।

झा २०७८ सालमा संघीय समाजवादीको कोटामा महाप्रबन्धक नियुक्त भएका थिए। उनको पदावधि सकिएलगत्तै अर्को महाप्रबन्धक नियुक्त गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले चासो नदिँदा रेल्वे कम्पनीको दैनिक कामकाज प्रभावित भएको छ। तेलको आर्थिक दायित्व भुक्तानी नभएकाले रेलको सेवा नै रोकिने अवस्था आएको दाबी कर्मचारीहरुको छ।

महाप्रबन्धकलाई मात्रै आर्थिक अधिकार हुने भन्दै रेलमा तेल हालेको पैसा दिन कम्पनीले मानेको छैन । जनकपुरधामको भी आयल स्टोरले बक्यौता भुक्तानी नभए भदौ १६ (शनिवार) देखि तेल नदिने भन्दै पत्राचार गरेको छ। कम्पनीले सोही पम्पबाट रेलका लागि तेल खरिद गर्दै आएको छ। कम्पनीका अधिकारीहरुले अन्य कर्मचारीलाई आर्थिक दायित्व भुक्तानीको अधिकार नभएको भन्दै भुक्तनी दिन नसकिने बताइरहेका छन्।

भी आयल स्टोरले भदौ ६ मा २० लाख ९५ हजार ६४१ रुपैयाँ भुक्तानी नभएको भदौ १५ सम्ममा भुक्तानी नभए इन्धन उपलब्ध नगराउने जानकारीसहित पत्र लेखेको थियो । त्यसअनुसार शनिवारदेखि सेवा रोकिने जोखिम देखिएको स्रोतको दाबी छ।

पम्पले दिएको चेतावनीबारे कम्पनीका कर्मचारीले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई जानकारी पनि दिएका थिए । तर, मन्त्रालयका अधिकारीहरुले चासो नै नदिएकाले शनिवारदेखि रेलसेवा बन्द हुने अवस्था आएको अधिकारीहरुको दाबी छ।

'निमित्त तोकेर उसलाई आर्थिक अधिकार दिने गरी निर्णय गरेर मन्त्रालयले पत्र लेख्यो भने भुक्तानी गर्न सकिन्छ,' कम्पनीका एक कर्मचारीले भने,'तर सेवा नै बन्द हुने अवस्था आउँदा पनि कसैले मतलब गरेनन् ।'

यसबारे रेल विभागमा समेत जानकारी गराए पनि चासो नदिएको अधिकारीहरुको गुनासो छ । कम्पनी मन्त्रालय मातहत भएकाले छिटो महाप्रबन्धक नियुक्त गर्ने र कम्पनीको दैनिक कार्यसम्पादनमा परेका गाँठो फुकाउने अधिकार मन्त्रालयसँगै छ।

तर, मन्त्रालयले पटक्कै चासो नदिएपछि कम्पनीका कर्मचारीले शनिवारदेखि रेल सेवा बन्द गर्नुको विकल्प नदेखिएको बताएका छन्।

'मन्त्रालयले पम्पलाई बाँकी भुक्तानी हुने सुनिश्चित गरेर पत्र लेखेमा पनि समस्या हल हुनसक्छ,' एक कर्मचारी भन्छन्, 'मन्त्रालयमा खबर गर्दा सबैजना पन्छिरहनुभएको छ।'

मन्त्रालयका प्रवक्ता भीमार्जुन अधिकारीले रेलको तेल भुक्तानीमा परेको समस्याबारे अनभिज्ञता प्रकट गरे । उनले यसबारे रेल्वे कम्पनी नै जानकार हुने बताए । स्रोतका अनुसार केही दिनमै रेल्वे कम्पनीमा झालाई नै पुनर्नियुक्ति दिने तयारी छ । त्यसका लागि मन्त्रालयले मन्त्रिपरिषदमा प्रस्ताव पठाइसकेको दाबी अधिकारीहरुको छ।

## मोही बाँडफाँट र सहकारीका लिखत रजिष्ट्रेसनमा कुनै शुल्क नलिन आदेश

**टुडे समाचारदाता**

काठमाण्डु । सर्वोच्च अदालतले मोही बाँडफाँटमा निःसर्गको नामबाट कुनै पनि शुल्क नलिन अन्तरिम आदेश दिएको छ। भूमि सम्बन्धी ऐन, २०२१ बमोजिमको मोही बाँडफाँटमा दाखिल खारेज गर्दा अन्य कारोबार सरह निःसर्ग मानी आयकर असुल नगर्न अन्तरिम आदेश जारी गरेको छ।

यस्तै सहकारीका लिखत रजिष्ट्रेसन गर्दा सहकारी ऐन २०७४ अनुसार कुनै पनि शुल्क नलिन अन्तरिम आदेश भएको छ। सहकारी ऐन, २०७४ को दफा ७८(१)(ग) मा ऋण लगानी गर्दा वा जमानत बापत दृष्टि बन्धकको लिखत पारित गर्दा कुनै पनि शुल्क नलाग्ने व्यवस्था रहेको सर्वोच्च अदालतले स्मरण गराएको छ।

अधिवक्ता डम्बर प्रसाद शिवाकोटीले भदौ १ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय, अर्थ मन्त्रालय, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, सहकारी विभाग, बाग्मती प्रदेश सरकार मन्त्रिपरिषद् तथा मुख्यमन्त्री, बाग्मती प्रदेश सरकार अर्थ मन्त्रालय हेटौडा, भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजार र आन्तरिक राजश्व विभागलाई विपक्षी बनाउँदै सर्वोच्च अदालतको संवैधानिक इजलासमा रिट दायर गरेको थिए।

उनले उक्त रिट निवेदनमा सुनुवाई गर्दै सर्वोच्च अदालतको संवैधानिक इजलासले अन्तरिम आदेश दिएको छ। सर्वोच्च अदालतले भूमि सम्बन्धी ऐन, २०२१ को दफा २६६ (३) मा जग्गावाला र मोहीलाई जग्गा बाँडफाँट दाखिल खारेज आदि गर्दा प्रचलित कानून बमोजिम लाग्ने रजिष्ट्रेसन लगायतका कुनै पनि दस्तुर नलाग्ने व्यवस्था रहेको बताएको छ। यस्तै सहकारी ऐन, २०७४ को दफा ७८(१)(ग) मासमेत ऋण लगानी गर्दा वा जमानत बापत दृष्टि बन्धकको लिखत पारित गर्दा कुनै पनि शुल्क नलाग्ने व्यवस्था रहेको बताएको छ।

## जयनगरमा टिकट ब्लैक

**टुडे समाचारदाता**



जनकपुरधाम। नेपाल रेल्वेको जयनगर स्टेशनमा सर्वसाधारणलाई टिकटकोलागि सास्ती खेप्नु परेको छ। जयनगरमा एउटा मात्रै टिकट काउण्टर रहेका कारण सर्वसाधारणलाई समस्या भोग्नु परेको छ भने तस्करहरुलाई ब्लैकमा रेल्वेकै कर्मचारीहरु टिकट उपलब्ध गराउँदै आएका छन्।

एकातिर रेल्वे घाटामा चलि रहेको भने रेल्वेकै कर्मचारीहरु टिकट तस्करहरुलाई बढी पैसा लिएर बेच्ने गरेका कारण सर्वसाधारण आक्रोशित समेत देखिएका छन् । नेपाल रेल्वेमा ढुवानी बुगि सञ्चालन गर्न पटक पटक माग गरिएपनि रेल्वे कम्पनी त्यस तिर कुनै चासो नलिएको स्थानीय व्यवसायीहरुको गुनासो छ। तस्करहरुलाई टिकट बेच्दा त्यसवाट प्रवन्धकलाई समेत कमिसन आउने गरेको स्रोतको भनाइ छ।

जनकपुरधामका व्यवसायी तथा स्थानीय सरकारहरुले पटक पटक कार्गो जडान गर्न आग्रह गर्दा बजेट अभावको बाहाना बनाउने कम्पनीले एउटा इन्जनलाईनै पटक पटक गरी सञ्चालन गर्ने तर, रेल्वेलाई चुस्त दुरुस्त र फाइदामूलक बनाउन नसकेको गुनासो यहाँका व्यवसायीहरुको रहेको छ।

जनकपुरधामका एक व्यवसायीले कम्पनी टिकट ब्लैकमा बेच्न लागेको छ त्यसमै फाइदा छ कार्गो रेल्वे सञ्चालन गर्नुतिर किन ध्यान दिनु पर्‍यो ? हुनत जयनगर रेल्वे स्टेशनमा कस्टम खडा गरिएको छ तर, तस्करहरुकालागि भने चोर बाटो धेरै छ उनीहरु कर्मचारीलाई मिलाएर राखेका छन् टिकट पाएर जसरी पनि रेल्वेमा चढेपछि नेपाली प्रहरी सेटिङ्गमै रहने गरेकाका छन् जसरी पनि रेल्वेमा चढ्ने बातावरण मिलाउन कर्मचारीलाई मिलाएर रेल्वेका टिकट लिने गरेका हुन्छन्।

तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दिल्लीबाट भर्चुअल माध्यममार्फत भारतको विहार र नेपालको जनकपुरधाम जोड्ने रेल्वे खण्डको समुद्घाटन गरेपछि ३५ किलोमिटर रेल सञ्चालनमा आएको थियो। हुनत जयनगरबाट बर्दिबास सम्म ६९ किलोमिटर रेल खण्ड रहेको छ तर जनकपुरधामबाट जयनगर सम्मको यात्रा गर्न सय रुपैयाँको हराहारीमा लाग्ने गरेको छ । यस अन्तर्देशीय रेल सञ्जालले नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यटकीय विकासमा योगदान पुऱ्याउने, भारतसँग नेपालको सांस्कृतिक, धार्मिक र पारिवारिक सम्बन्ध प्रगाढ बन्ने आशा गरिएको थियो।

विश्व सम्पदा सूचीमा रहेको जनकपुरधाममा भारतीय पर्यटन वृद्धिका लागि पनि यस रेल सञ्जालले आवश्यक भूमिका निर्वाह गर्नुका साथै नेपाल र भारतबीचको व्यापार तथा व्यवसाय विस्तारमा योगदान पुऱ्याउने बताइएको भएपनि रेलले आर्थिक समृद्धिकालागि खासै परिवर्तन ल्याउन सकेको छैन्।


## आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस

**हाल नेपालका विभिन्न जिल्लाहरुमा भाइरल कन्जंक्टिभाइटिस अर्थात् आँखा पाक्ने समस्या देखिएकोले सर्तक रहौं।**

### लक्षणहरु

- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने



### रोकथामका उपायहरु

**भाइरल कन्जंक्टिभाइटिस (आँखा पाक्ने रोग) सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ। त्यसैले रोकथामका निम्न उपायहरु अपनाएर आँखा पाक्ने रोगबाट बचौं।**

- संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने र संक्रमित व्यक्ति भिडभाडमा नजाने
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तै टावेल, रुमाल, सिरानी, तन्ना प्रयोग नगर्ने
- जथाभावी आँखा नछुने। आँखा छुनु परेमा छुनु अघि वा छोइसके पछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने
- व्यक्तिगत सरसफाइमा ध्यान दिने।

**भाइरल कन्जंक्टिभाइटिस भइहाले अत्तिनु पर्दैन। यो रोग १ देखि २ हप्तामा आफैं निको हुन्छ। स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं।**

मुखियापट्टी मुसहरनियाँ गाउँपालिका
तुलसीयाही जब्दी, धनुषा, मधेश प्रदेश, नेपाल



'जनमन सँ जनजन धरि'



रेडियो टुडे ९१ मेगाहर्ज

रेडियो टुडे ९१ मेगाहर्ज
समाचार आ मनोरञ्जन ल क
निरन्तर १८ घण्टा अहाँक सँग




सुझाव आ प्रतिकृयाकऽलेल
०४१-५२७५९१, ५२३८६७

भिन्सर ५ बजे सँ राति ११ बजे धरि


# विद्यालय भवनको उद्घाटन

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गौर नगरपालिकाका नगर प्रमुख शम्भु शाहले सरस्वती माध्यमिक विद्यालय सिसवाको नवनिर्मित चारकोठे भवनको उद्घाटन गरेका छन् ।

गौर नगरपालिका-७ सिसवामा रहेको सरस्वती माध्यमिक विद्यालयको नवनिर्मित नयाँ सुविधा सम्पन्न भवनको नगर प्रमुख शाहले शुक्रवार एक समारोह बीच उद्घाटन गरेका हुन ।






राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत सो भवन निर्माण गरिएको छ ।

मेयर शाहले २०७९ माघ १२ गते शिलान्यास गरेका उक्त विद्यालय भवनको निर्माण कार्य पूरा गरी शिलान्यास गरेको ७ महिना समेत बित्न नपाउँदै उदघाटन गर्न सफल भएका छन् ।

सो अवसरमा नगर प्रमुख शाहले आफना पालिका भित्रका सबै सामुदायिक विद्यालयहरुलाई व्यवस्थित गर्न आफू लागि परेको बताए ।

शिक्षा विना नगरको विकास असम्भव रहेकोले शिक्षालाई पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको बताउँदै मेयर शाहले गौर नगरपालिका भित्र सञ्चालनमा रहेका सबै सामुदायिक विद्यालयहरुलाई नमुना विद्यालय बनाउने आफनो योजना रहेको बताए । देशको शैक्षिक संस्थाहरुमा गौर नपाबाट सञ्चालित विद्यालयहरुले शैक्षिक गुणस्तरमा उचाइ प्राप्त गरिरहेको उल्लेख गर्दै उनले नवनिर्मित भवनको अधिकतम उपयोग गरी विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षकहरुलाई अनुरोध गरे ।

आफु निर्वाचित भएदेखि नै शिक्षाको गुणस्तर सुधारका लागि बजेटमा प्राथमिकता दिएर विद्यालयको भौतिक संरचना निर्माणका साथै खेलकुद, अतिरिक्त क्रियाकलाप, शैक्षिक महोत्सव, दिवा खाजा लगायत कार्यक्रम अगाडि सारेको बताउँदै उनले गौर नगरलाई शैक्षिक हब बनाउन सबै लाग्नुपर्ने धारणा राखे ।

# विमानस्थल सुरक्षा सुधारका लागि गठित कार्यदलको अनुगमन तथा सुझाव सङ्कलन

काठमाण्डु । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा सुधारका लागि सुझाव दिन सरकारद्वारा गठित कार्यदलले आज त्रिभुवन अन्तर र्राष्ट्रिय विमानस्थलको सुरक्षा अवस्थाबारे स्थलगत अनुगमन गरी जानकारी लिएको छ ।

पटकपटक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा त्रुटीका कारण तस्करीका सामान भित्रिने र बाहिरिने घटना दोहोरिन थालेपछि सरकारले गठन गरेको राष्ट्रिय सुरक्षा सल्लाहकार शङ्करदास वैरागी नेतृत्वको कार्यदलले आज विभानस्थल क्षेत्रको सुरक्षा अवस्थाबारे जानकारी लिएको हो ।

अनुगमन पछिको बैठकमा अर्थ, गृह र पर्यटन मन्त्रालयका प्रतिनिधि, चारै वटा सुरक्षा निकायका प्रतिनिधिहरु तथा भन्सार, अध्यागमन विभाग र नागरिक उड्डयन प्राधिकरणका अधिकारी सहभागी थिए । बैठकमा अध्यागमन, भन्सार कार्यालय तथा प्राधिकरणबाट विमानस्थल सुरक्षाको हालको अवस्था र सुधारका विषयमा प्रस्तुतिकरण भएको थियो ।

गत भदौ अन्तिम साता प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा विमानस्थल सुरक्षा सुधारका लागि उच्चस्तरीय बैठक बसेको थियो । बैठकमा कार्यदल गठन गरी त्यसको प्रतिवेदनका आधारमा विमानस्थलको सुरक्षा सुधार गर्ने उहाँले बताउनुभएको थियो ।

सोही बैठकको निष्कर्षका आधारमा सुरक्षा सल्लाहकार वैरागीको नेतृत्वमा ११ सदस्यीय कार्यदल गठन गरेको थियो ।

कार्यदलका सदस्य त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक अर्जुन चन्दले आज कार्यदलबाट विमानस्थलको सुरक्षा अवस्थाबारे स्थलगत अनुगमन गरी जानकारी लिएको बताउनुभयो । कार्यदललाई प्रतिवेदन बुझाउने १५ दिनको कार्यादेश दिएको छ । रासस

# विदेशिने विद्यार्थीलाई रोक्ने प्रयास

**टुडे समाचारदाता**

जनकपुरधाम । मनमोहन प्राविधिक विश्वविद्यालयले विदेशमा प्राविधिक अध्ययनका लागि जाने विद्यार्थीहरुलाई रोक्ने प्रयास थालेको छ । विश्वविद्यालयले सिविल र इलेक्ट्रोनिक्स इन्जिनियरिङ्गका लागि न्यूनतम शुल्क राखेर विदेशीने विद्यार्थीलाई रोक्ने प्रयास गरेका छन ।




कोशी प्रदेश सरकारले स्थापना गरेको मनमोहन प्राविधिक विश्वविद्यालयले इन्जिनियरिंगमा अध्ययनको लागि भर्ना आह्वान गरेको छ । प्राविधिक शिक्षामा जोड दिने उद्देश्यले स्थापना गरिएको सो विद्यालयले स्नातक तर्फको बिई सिविल इन्जिनियरिंग र बीई इलेक्ट्रीकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ्गमा भर्ना आह्वान गरेको छ ।

भदौ ३१ सम्मका लागि सिविल तर्फ ४८ र इलेक्ट्रीकल एण्ड इलेक्ट्रोनिक्समा २४ सीटका लागि भर्ना आह्वान गरिएको विश्वविद्यालय अन्तर्गतको स्कुल अफ इन्जिनियरिङ्गका डिन प्रचण्डमान प्रधानले जानकारी दिए । सिविल र इलेक्ट्रीकल एण्ड इलेक्ट्रोनिक्स गत दुई शैक्षिक सत्रदेखि विद्यार्थी भर्ना गरि सकिएको उनले बताए । विश्वविद्यालयमा ३ वटा स्कुलहरू स्कुल अफ इन्जिनियरिङ्ग, स्कुल अफ एप्लाईड साइन्स एण्ड टेक्नोलोजी र स्कूल अफ मेडिसिन एण्ड एलाइड हेल्थ साइन्सेज सञ्चालनमा रहेको छ । यद्यपि मनमोहन प्राविधिक विश्वविद्यालयले तीन वटा स्कूलहरु अन्तर्गत दश वर्षमा स्नातक, स्नातकोत्तर र विद्यावारिधि (पिएचडी) गरी २६ वटा विभिन्न विषयहरु सञ्चालन गर्ने योजना लिएको छ ।

यस बाट प्रत्येक वर्ष २ हजारभन्दा बढी विद्यार्थी लाभान्वित हुने लक्ष्य लिइएको छ ।

# प्रादेशिक संरचनाले सिर्जनशील काम गर्दा मात्रै सङ्घीयता बलियो हुन्छ : मन्त्री श्रेष्ठ

काठमाण्डु । बागमती प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री मन्त्री गङ्गानारायण श्रेष्ठले प्रादेशिक संरचनाले सिर्जनशील काम गर्दा मात्रै सङ्घीयता बलियो हुने बताउनुभएको छ ।

सञ्चार रजिस्ट्रारको कार्यालयद्वारा आज ललितपुरमा आयोजित 'विधागत पत्रकारिता' पुस्तक विमोचन समारोहमा उहाँले भन्नुभयो,"नेपालकोसंविधानबमोजिम बनेका प्रादेशिक संरचनालाई सृजनात्मक र गम्भीर प्रकृतिका काम कारबाहीलाई प्रभावकारी ढङ्गले अगाडि बढाउन प्रदेश सरकारले उत्साहित गर्छ । यहाँको उत्पादकीय क्षेत्रमा बागमती प्रदेश सरकारबाट आगामी दिनमा पनि सिर्जनात्मक काम भइरहने छन् । प्रादेशिक संरचनाले सिर्जनशील काम गर्दा मात्रै सङ्घीयता बलियो हुन्छ ।"

*मन्त्री श्रेष्ठले प्रकाशित "विधागत पत्रकारिता" पुस्तकले नेपालको सञ्चार क्षेत्रमा अलग्गै स्थान राख्ने भन्दै जिज्ञासु र उत्सुक पत्रकारहरूका लागि यो महत्त्वपूर्ण हुने बताउनुभयो । उहाँले सबै लेखकहरूका लेखक र अनुभवहरूलाई समेटेर १९ वटा विधामा प्रस्तुत सामाग्री महत्त्वपूर्ण भएको बताउनुभयो ।*

मन्त्री श्रेष्ठले प्रकाशित "विधागत पत्रकारिता" पुस्तकले नेपालको सञ्चार क्षेत्रमा अलग्गै स्थान राख्ने भन्दै जिज्ञासु र उत्सुक पत्रकारहरूका लागि यो महत्त्वपूर्ण हुने बताउनुभयो । उहाँले सबै लेखकहरूका लेखक र अनुभवहरूलाई समेटेर १९ वटा विधामा प्रस्तुत सामाग्री महत्त्वपूर्ण भएको बताउनुभयो । ज्ञान उत्पादनका लागि निरन्तरको मेहनत त धैर्य आवश्यक हुन्छ भन्दै उहाँले पत्रकार ज्ञान उत्पादन गर्ने बौद्धिक श्रमिक हुन् भन्ने धारणा व्यक्त गर्नुभयो ।

बागमती प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव ध्रुव गैडाले सञ्चार क्षेत्रको व्यापकताका लागि बागमती प्रदेशमा मन्त्रालय नै छुट्टै हुन आवश्यक हुने बताउनुभयो । उहाँले सञ्चार रजिस्ट्रारको कार्यालयले गरेको काम महत्त्वपूर्ण भएको धारणा राख्नुभयो ।

लेखकतथाप्राध्यापकरामकृष्ण रेग्मीले पत्रकारिताका धैरै विधाहरू रहेको तर समाचार कक्षले पचाउन नसकिरहेको बताउनुभयो । "यो पुस्तक सातै प्रदेशमा पुऱ्याउन सक्दा राम्रो हुन्छ । पुस्तकमा नसमेटिएका कुराभन्दा पनि समेटिएका कुरालाई सकारात्मकरूपमा लिएर त्यसलाई ग्रहण गर्दै अगाडि बढ्नुपर्छ । विशेषज्ञको अनुभवलाई सर्वसाधारणसम्म पुऱ्याउन यो पुस्तक महत्त्वपूर्ण छ", प्राध्यापक रेग्मीले भन्नुभयो ।रासस

# रूपान्तण अभियानमा जुट्यो माओवादी, २२ पदाधिकारीको जिम्मेवारी तोकियो

काठमाण्डु । आफ्नो नेतृत्वको सरकारले थालेका भ्रष्टाचार नियन्त्रण, सुशासन प्रवर्द्धन तथा सेवा प्रवाहमा थालिएको सुधारलगायत मुद्दा लिएर सत्ताको नेतृत्व गरेको नेकपा (माओवादी केन्द्र) विशेष अभियानका साथ जनताको बीचमा जाँदैछ । माओवादी अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले भोलि देशभरका छ हजार सात सय ४३ वडामा एकैसाथ रूपान्तरण अभियानको शुभारम्भ गर्दै हुनुहुन्छ ।



माओवादीले अध्यक्षसहित २२ केन्द्रीय पदाधिकारीलाई तीनमहिने अभियानको उद्घाटनको जिम्मेवारी तोकेको छ । माओवादीका अनुसार प्रधानमन्त्री एवं पार्टी अध्यक्ष दाहालले काठमाडौँको चन्द्रागिरी-२ घट्टेडाँडा पार्क, वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले ललितपुरको ललितपुर महानगरपालिका १८ हरिसिद्धी, उपाध्यक्षत्रय कृष्णबहादुर महराले रोल्पाको सुनछहारी गाउँपालिका, अग्निप्रसाद सापकोटाले सिन्धुपाल्चोकको लिसङ्खुपाखर गाउँपालिका र पम्फा भुसालले ललितपुर महमानगरपालिका-२२ मा अभियानको नेतृत्व गर्नुहुनेछ ।

महासचिव देवप्रसाद गुरुङले लमजुङको सुन्दरबजार नगरपालिका-८ भोटेवडार, उपमहासचिव गिरिराजमणि पोखरेलले काठमाडौँको गोकर्णेश्वर नगरपालिका, वर्षमान पुनले काठमाडौँको गोङ्गबू, हरिबोल गजुरेलले सिन्धुलीको कमलामाई, जनार्दन शर्माले काठमाडौँकोचन्द्रागिरिनगरपालिका,मात्रिकाप्रसाद यादवले सुर्खेतको वीरेन्द्रनगरपालिका, सचिव दीनानाथ शर्माले बागलुङको बागलुङ नगरपालिका, चक्रपाणि खनालले मोरङको विराटनगर महानगरपालिकामा अभियानको नेृतत्व गर्दै हुनुहुन्छ ।

सचिव देवेन्द्र पौडेल कास्कीको पोखरा महानगरपालिका, लीलामणि पोखेल महोत्तरीको बर्दिवास नगरपालिका, गणेश साह काठमाडौँको बानेश्वर, हितमान शक्य रुकुमपूर्वको सिस्ने गाउँपालिका, हितराज पाण्डे गोरखाको पालुङटार नगरपालिका, डिलाराम आचार्य कैलालीको धनगढी उपमहानगरपालिका, सुरेन्द्रकुमार कार्की झापाको बुद्धशान्ति गाउँपालिका र कोषाध्यक्ष श्रीराम ढकाल चन्द्रागिरी नगरपालिकामा अभियानमा सहभागी हुने माओवादीले जनाएको छ ।

अभियानअन्तर्गत कम्तिमा २५ लाख मतदातासँग प्रत्यक्ष भेटघाट गरी सरकारले सुशासन, समृद्धि र सामाजिक न्यायको क्षेत्रमा गरेका कामबारे जानकारी गराइनेछ । अभियानका क्रममा नवीकरण र विस्तारका माध्यमबाट पार्टी सदस्यता सङ्ख्या आठ लाख पुऱ्याउने गरी पार्टी र जवस मोर्चाका सबै कमिटीका बैठक सम्पन्न गरी स्वचालित कमिटी तयार पारिने माओवादीले जनाएको छ । माओवादीले अभियान अवधिभर केन्द्रीय पदाधिकारीलाई अन्तरप्रदेश, स्थायी समिति सदस्य र केन्द्रीय सदस्यलाई अन्तरजिल्ला तथा प्रदेश सदस्यलाई अन्तरपालिका खटाउने गरी कार्यक्षेत्र विभाजन गरिएको छ । उनीहरूलाई अस्थायी बसोबासस्थलसमेतमा कार्यक्षेत्र तोकी पठाइसकिएको छ ।

अभियान तीन चरणमा सञ्चालन हुने प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिनुभयो । पहिलो चरणमा बैठक, भेला, प्रशिक्षण, सदस्यता नवीकरण/विस्तार, अभिलेख व्यवस्थापन, उत्पादन र प्रचारसँग सम्बन्धित संयन्त्र र योजना निर्माण, विभिन्न तहका पार्टीका कार्यालय व्यवस्थापन, पार्टीभित्रका अन्तरविरोधको पहिचान र समाधानको पहल, कार्यकर्ता व्यवस्थापनका लागि कोष स्थापना गरिने छ ।

दोस्रो चरणमा पाँचघन्टे अन्तरपार्टी स्कुल, विषयगत अन्तरक्रिया, विषयगत तालिम, गोष्ठी, जनप्रशिक्षण, जनभेला, टोलटोलमा युवाभेला, स्थानीयस्तरका सरकारी तथा सामाजिक सङ्घ संस्थासँग अन्तरक्रिया गरिने प्रवक्ता सापकोटाले जानकारी दिनुभयो । तेस्रो चरणमा जनप्रदर्शन, जनसङ्घर्ष, जनसेवासहित जनपरिचालनका कार्यक्रम सञ्चालन गरिनेछ । यस्तै सुशासन, समृद्धि र सामाजिक न्यायको अभियानमा जनसमर्थन र ऐक्यबद्धता एवं टोल सभाहरू गरिनेछ । रासस

# जिम्मेवारी त्रुटिरहित ढङ्गबाट निर्वाह गर्न महानिरीक्षकको निर्देशन

काठमाण्डु । सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले पदीय जिम्मेवारी त्रुटिरहित ढङ्गबाट निर्वाह गर्न सशस्त्र प्रहरी कर्मचारीहरूलाई निर्देशन दिनुभएको छ ।

काठमाडौँको हलचोकस्थित सशस्त्र प्रहरी बलको प्रधान कार्यालयमा आज बढुवा भएका प्रहरी अधिकृतलाई दर्ज्यानी चिह्न प्रदानपछि आयोजित समारोहमा उहाँले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरी पेशाप्रति पूर्ण निष्ठावान हुँदै सेवा प्रवाह गर्न निर्देशन दिनुभयो । उहाँले कार्यक्षेत्रमा परिचालित हुँदा पूर्णक्षमता, व्यावसायिकता, इमान्दारिताका साथ जिम्मेवारी निर्वाह गर्न आग्रह गर्दै फौजी परम्पराको रक्षा गर्नु सबै तहका राष्ट्रसेवकको दायित्व रहेको उल्लेख गर्नुभयो ।

नेपाल सरकार गृह मन्त्रालय (उपप्रधानमन्त्री एवं गृहमन्त्रीस्तर)को भाद्र ११ गतेको निर्णयले सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकमा बढुवा हुनुभएका वरिष्ठ अधिकृतलाई उहाँले आज दर्ज्यानी चिह्न प्रदान गर्नुभएको थियो ।

सशस्त्र प्रहरी सेवा, साधारण समूह, साधारण उपसमूहतर्फका १२ जना सशस्त्र प्रहरी उपरीक्षक सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक पदमा बढुवा हुनुभएका हो । महानिरीक्षक अर्यालले व्यावसायिक जीवनमा पदोन्नति महत्त्वपूर्ण रहने उल्लेख गर्नुहुँदै व्यावसायिक दक्षता र प्रदर्शन गरेको क्षमताको परिणाम स्वरुप पदोन्नति भएको बताउनुभयो ।रासस

# अमेरिकी सिनेटर होलेन नेपाल भ्रमणमा

काठमाण्डु । सयुक्त राज्य अमेरिकी सिनेटको परराष्ट्र सम्बन्ध समिति र राज्य तथा वैदेशिक कार्य-सञ्चालनसम्बन्धी विनियोजन उपसमितिका सदस्य सिनेटर क्रिस भान होलेन आज नेपाल भ्रमणमा आउनुभएको छ ।

आफ्नो भ्रमणका क्रममा उहाँले अमेरिका र नेपालबीचको राजनीतिक र व्यावसायिक सम्बन्धलाई थप मजबुत बनाउन विभिन्न भेटवार्ता गर्नुहुने यहाँस्थित अमेरिकी दूतावासले जनाएको छ ।

भ्रमणका क्रममा उहाँले नेपालका सरकारी अधिकारी, युवा नेता, सांसद र उद्यमीहरूसँग भेटघाट गर्नुहुने र नेपालको स्वास्थ्य र पूर्वाधारका क्षेत्रमा अमेरिकी सहयोगमाथि प्रकाश पार्नुहुनेछ ।रासस

# रास्वपा अध्यक्षसँग भारतीय राजदूतको भेट

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने र नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवबीच भेटवार्ता भएको छ । रास्वपा पार्टी कार्यालय वनस्थलीमा आज भएको भेटमा उहाँहरूबीच द्विपक्षीय हित र चासोका विविध विषयमा छलफल भएको पार्टीका केन्द्रीय सदस्य प्रतिभा रावलले जानकारी दिनुभयो ।

सो अवसरमा नेपालको समृद्धिका लागि नेपाल-भारत सम्बन्धलाई थप बलियो बनाउनुका साथै आपसी चासोका मुद्दालाई सम्वादमार्फत् हल गर्दै जानुपर्नेमा पार्टी सभापति लामिछानेले जोड दिनुभएको थियो ।रासस

## तपाईको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख । |
| बृष | : धन बृद्धि सञ्चय । |
| मिथून | : पुरस्कार प्राप्त लाभ । |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : नयाँ कार्य हुने । |
| तुला | : प्रतिभा सम्पन्नता । |
| बृश्चिक | : शिक्षामा उन्नति । |
| धनु | : सुख समृद्धि हुने । |
| मकर | : बौद्धिक क्षमता । |
| कुम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : भ्रमण अवसर हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# कांग्रेस-एमालेलाई टक्कर दिने तयारीमा माओवादीको आइसीटी फोरम

टुडे समाचारदाता

काठमाण्डु । माओवादी केन्द्र निकट जनवर्गीय संगठन 'इन्फर्मेसन एण्ड कम्युनिकेसन टेक्नोलोजी' (आइसीटी) फोरमले प्रमुख दुई दल नेपाली कांग्रेस र एमालेलाई टक्कर दिने गरी तत्कालीन योजना सार्वजनिक गरेको छ । पार्टीको जनवर्गीय, मोर्चाका केन्द्रीय समिति, प्रदेश समिति, जिल्ला समिति र स्थानीय समितिलाई आइसीटी फोरमले निर्णयबारे परिपत्र जारी गरेको हो । संगठन बनाउनुको उद्देश्य र तत्कालीन कार्यक्रमबारे सो संगठनले परिपत्रमार्फत जानकारी गराएको छ ।

साउन(१७-२१)सम्म राजधानीको कमलादीमा बसेको केन्द्रीय समिति बैठकले आइसीटी फोरम गठन गर्ने निर्णय गरेको थियो । २१ औं शताब्दीमा पनि सूचना र प्रविधि क्षेत्रमा माओवादी निकै कमजोर रहेको, पार्टी र सरकारले गरेको राम्रो कामको प्रचार प्रसार हुन नसकेको महसुस गरी आइसीटी फोरम बनाउन पार्टीले परिपत्र नै जारी गरेको थियो । फोरम माओवादीको कान्छो संगठन हो ।

बैठकको निर्णय बमोजिम भदौ १० गते प्रधानमन्त्री एवं अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले गोविन्द आचार्यको अध्यक्षतामा २९ सदस्यीय कार्यसमिति घोषणा गरेका थिए । कार्यसमितिलाई स्थानीय तहसम्म विस्तार गर्ने योजना रहेको परिपत्रमा उल्लेख छ । आइसीटी फोरम बनाउनुको उद्देश्य सरकारको नीति तथा कार्यक्रम, राम्रा कामको व्यापक प्रचार प्रसार गर्ने, विपक्षी दलहरूबाट हुने अनर्गल प्रचारको आक्रामक रूपमा प्रतिपाद गर्ने रहेको छ । 'एक कमिटी एक आइसीटी फोरम गठन गर्ने' पनि परिपत्रमा उल्लेख छ ।

**माओवादी केन्द्र : तीन महिनाभित्र आईसीटी फोरम वडा तहमा विस्तार गर्न परिपत्र**



**यस्ता छन् तत्कालीन कार्ययोजना**

१. हाम्रो पार्टीको पहलमा बनेको संयुक्त सरकार, संयुक्त लोकतान्त्रिक गठबन्धनको नीति तथा कार्यक्रम एवम गठबन्धन सरकारले गरेका सकारात्मक कार्यका पक्षमा व्यापक प्रचार प्रसार गर्ने ।

२. सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी ढंगले प्रयोग गरी पार्टीका हरेक सदस्यका साथै वडा तहसम्म पार्टी कमिटीको नाममा समेत फेसबुक, यूट्यूव, टिकटक, ट्विटर आदिको एकाउण्ट बनाउने, त्यसको सुरक्षामा ध्यान दिने र हरेक सदस्य तथा कमिटीले शिष्टतापूर्वक, सत्य तथ्यसहित पार्टी, नेतृत्व र आन्दोलनका पक्षमा आक्रामक प्रचारमार्फत् हस्तक्षेप गर्न विशेष कार्ययोजना विकास गरी अवलम्बन गर्ने ।

३. पार्टी, आन्दोलन र नेतृत्वको पक्षमा प्रचार प्रसार गर्ने, विरोधीका गलत प्रचारको प्रतिवाद गर्नुका साथै पार्टी विरोधी तथा प्रतिक्रियावादी तत्वहरुको भण्डाफोर गर्ने गरी पार्टीका सबै तहमा सूचना प्रविधिमार्फत् प्रचार गर्ने आइसीटी फोरेम निर्माण गरी प्रचारकर्ताहरुको टिम तयार पार्ने ।

४. सामाजिक मिडियाहरु जस्तै फेसबुक, ट्वीटर, युट्युब, टिक टक, ब्लग आदिको प्रयोगबाट पार्टी, पार्टीका गतिविधि एवम् समग्र आन्दोलनको पक्षमा प्रचार प्रसार गर्ने ।

५. पार्टीको प्रचार विभागले तय गरेको प्रचार नीति र कार्ययोजनाको दृढतापूर्वक कार्यान्वयन गर्ने । साथै पार्टीका नियमित गतिविधिसहित प्रवाह गर्नुपर्ने सूचनाहरु सामाजिक सञ्जालबाट नियमित ढंगले प्रवाहको वातावरण मिलाउने ।

६. एक पार्टी कमिटी एक आइसीटी फोरम भन्ने नाराका साथ असोज मसान्तसम्म वडा समितिसम्म आइसीटी फोरम, निर्माण गरी न्यू मिडियामार्फत् प्रचार प्रसारका कामलाई व्यवस्थित पार्ने ।

७. एप्लीकेसन(एप)को विकास गरी सबै सूचना त्यसैबाट प्रवाह गर्ने । पार्टी सदस्यता वितरण, नवीकरण, लेवी संकलन आदि एपमार्फत् गर्ने । सामाजिक सञ्जालको प्रयोग सम्बन्धमा कार्तिकसम्म सबै तहमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।

८. हाम्रो पार्टीका महत्त्वपूर्ण निर्णयहरु, पार्टी अध्यक्षसहितका पार्टीका सबै तहका नेताहरुले दैनिकरुपमा गरिरहेका कार्य, महत्त्वपूर्ण भेटघाट, निर्णय तथा निर्देशनहरु र देश र जनताका पक्षमा पार्टी र सरकारबाट भइरहेका कामहरुका बारेमा समयमै यथार्थ सूचना सामाजिक सञ्जालहरुवाट व्यापक प्रवाह गर्ने ।

९. सरकारको नीति तथा कार्यक्रम, नीतिगत प्राथमिकता, अध्यक्षको नेतृत्वमा सरकार बने यता भए गरेका उपलब्धि आदिका पक्षमा सत्य, तथ्य, तर्कद्वारा पुष्टि गर्नेगरी सामग्री तयार पारी विभिन्न सामाजिक सञ्जालमार्फत् व्यापक प्रचार प्रसार गर्ने ।

१०. सामाजिक सञ्जालहरुका लागि कन्टेन्ट उत्पादन तथा स्क्रिप्ट लेखन टिम नै बनाएर रोचक, आकर्षक र प्रभावकारी ढंगले सामग्रीको डिजाइनिङ, रेकर्डिङ गरी प्रवाह गर्ने । आन्तरिक ग्रुपहरु बनाएर हरेक घण्टाका लागि प्रचार सामग्री उपलब्ध गराउने ।

११. रक्षात्मक होइन, आक्रामक प्रचार शैली अपनाउने । हाम्रा हात हातमा भएका मोबाइललाई नै महत्त्वपूर्ण प्रचार कार्यमा लगाउने । मोबाइलवाटै प्रचार सामग्री उत्पादन गरेर सामाजिक सञ्जालवाट प्रवाह गर्ने । विरोधीले हाम्रा विरुद्ध गरेको प्रचारको तत्काल खण्डन र यथार्थ सार्वजनिक गर्ने । पार्टी, आन्दोलन र नेतृत्वको पक्षमा प्रचार प्रसार गर्ने, विरोधीका गलत प्रचारको प्रतिवाद गर्नुका साथै पार्टी विरोधी तथा प्रतिक्रियावादी तत्वहरुको भण्डाफोर गर्ने ।

१२. विभिन्न मिडियामा आएका हाम्रो पक्षका सामग्रीलाई सामाजिक सञ्जालमार्फत लाइक र शेयर गर्ने ।

१३. अरुले गरेका अनर्गल प्रचारबारे फ्याक्ट चेकको व्यवस्था मिलाई तत्काल सत्य तथ्यसहित यथार्थ सार्वजनिक गर्ने । हाम्रा सत्य कुरा स्थापित गर्न जोड दिने । हाम्रा विरुद्ध अपराधिक ढंगले गाली गलौज गर्नेहरुलाई सामाजिक सञ्जालका संचालक एवम् कानुनी उपचारका लागि उजुरी गर्ने ।

# बालसुधार गृहको घटना लापरबाही र उदासिनताका कारण : इन्सेक

काठमाण्डु । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले यही भदौ ३ गते भक्तपुरको बालसुधार गृहमा भएको घटना लापरबाही र उदासिनताका कारण भएको निष्कर्षसहितको अध्ययन प्रतिवेदन सार्वजनिक गरेको छ ।

बालसुधार गृहमा रहेका एक बालकको मृत्यु भएपछि सुधार गृहबाट बालबालिका भागेको तथा प्रहरीसँगको झडपका सम्बन्धमा इन्सेकले स्थलगत अध्ययन गरेको थियो ।

अध्ययन प्रतिवेदनमा बालसुधार गृहमा न्यूनतम सुविधा पनि नभएको पाइएको उल्लेख छ । साथै न्यूनतम सुविधाविहीन बालबालिकाका लागि शैक्षिक कार्यक्रम (युसेप) को लापरवाही र प्रशासनको उदासिनताका कारण उक्त घटना भएको अध्ययनको निष्कर्ष छ ।

प्रतिवेदनमा सुधार गृहमा रहेका १८ वर्षे कमल बस्नेतले होस्टल वार्डेनसँग औषधि मागेको र वार्डेनले निको नामको औषधि दिएर पठाएको उल्लेख छ । साथै बस्नेत भदौ ३ गते विहान छ बजेतिर अचेत अवस्थामा फेला परेपछि मध्यपुर थिमी नगरपालिका-३ गट्ठाघरस्थित नागरिक सामुदायिक अस्पतालमा लगिएको प्रतिवेदनमा उल्लेख छ ।

ज्वरो र पिलोका कारण बिरामी बस्नेतलाई समयमा नै उपयुक्त उपचारका लागि अस्पताल नलगिएका कारण मृत्यु भएको अध्ययनका क्रममा पाइएको छ । मन्थली नगरपालिका-३, कठजोरका बस्नेतको यही भदौ ३ गते बिहान ६ बजेतिर मृत्यु भएको थियो ।

बस्नेतको मृत्यु भएपछि त्यहाँ रहेका अन्य बालबालिका तथा मृतकका आफन्त आन्दोलित भएका थिए । उनीहरूले घटनाको निष्पक्ष छानबिन हुनुपर्ने, दोषीलाई कारबाही गर्नुपर्ने र पीडित पक्षलाई क्षतिपूर्ति दिनुपर्ने भन्दै माग गरेका थिए । सोही क्रममा प्रहरीसँगको झडपपछि सुधार गृहभित्र रहेका दुईसय २१ जना बालबालिका सुधार गृहको पछाडिको ढोका फोडेर बाहिर भागेका थिए ।

> *गृहलाई सुधार गृहकै रुपमा विकास गर्न आवश्यक भएको तथा सुधार गृहभित्र कारागारकै जस्तो भित्री सत्ताको अन्त्य गर्ने र बालमैत्री व्यवस्थापनमा जोड दिनु आवश्यक भएको उल्लेख छ । सुधार गृहभित्र रहेका बालबालिकाको स्वास्थ्य परीक्षणको व्यवस्था नगरेको, मानसिक स्वास्थ्यमा हेरचाह नगरेको, खानपिन, खानेपानीको प्रबन्ध नगरेको र वृत्ति विकासका लागि कुनै पहल नगरेको जनाउँदै भदौ ४ गते सुधार गृहका बालबालिका आन्दोलित भएका थिए ।*

कारागार व्यवस्थापन विभाग मातहत रहेको र युसेप नेपालको व्यवस्थापनमा मध्यपुरथिमी नगरपालिका-२ सानोठिमीमा सञ्चालित बाल सुधार गृहमा जिल्ला अदालत रामेछापको २०७७ जेठ २९ गतेको आदेशपछि बस्नेत थुनामा थिए । "बालसुधार गृहका सम्बन्धमा दीर्घकालीन रूपमा बालसुधार गृह व्यवस्थापनमा संलग्नहरूलाई अनुसन्धानको प्रक्रियामा ल्याउन, सुधार गृहभित्रको अन्तरिक व्यवस्थापनमा सुधार गर्न, भदौ ३ र ४ गतेको घटनाको निष्पक्ष र वस्तुनिष्ठ छानबिन गर्न, सुधार गृहमा क्षमताभन्दा बढी बालबालिका नराख्ने व्यवस्था गर्न र १८ वर्षभन्दा बढी उमेर पुगेकाहरूलाई सुधार गृहमा बालबालिकासँग नराख्ने व्यवस्था गर्नु जरुरी देखिएको छ", प्रतिवेदनमा भनिएको छ । अध्ययन प्रतिवेदनमा बाल सुधार गृहको सञ्चालनको जिम्मा सरकारले नै लिनुपर्ने र सुधार गृहलाई सुधार गृहकै रुपमा विकास गर्न आवश्यक भएको तथा सुधार गृहभित्र कारागारकै जस्तो भित्री सत्ताको अन्त्य गर्ने र बालमैत्री व्यवस्थापनमा जोड दिनु आवश्यक भएको उल्लेख छ ।रासस

# केन्द्रीय पुस्तकालयको भवन निर्माण गरेर छाड्ने शिक्षामन्त्रीको सङ्कल्प

काठमाण्डु । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोकुमार राईले जमलमा केन्द्रीय पुस्तकालयको भवन निर्माण गरेर छाड्ने सङ्कलप व्यक्त गर्नुभएको छ । सोह्रौँ राष्ट्रिय पुस्तकालय दिवस, २०८० का अवसरमा आज आयोजित मूल समारोह समितिको कार्यक्रममा उहाँले सो स्थनमा भवन बनाउनका लागि विस्तृत परियोजना प्रतिवेदन तयार भई सहरी विकास मन्त्रालयमातहको भवन विभागले बनाउने गरी बजेटसमेत तर्जुमा भइसकेको अवस्थामा कानुनी विवाद उत्पन्न भएकाले निर्माणमा ढिलाइ भएको जनाउनुभयो ।

मन्त्री राईले बजेट विनियोजन भए पनि त्यो बजेट खर्च गर्न नमिल्ने भन्ने रिपोर्ट आफूलाई दिइएको बताउँदै उहाँले सर्वोच्च अदातले दिएको आदेशबमोजिम पूरा गर्नुपर्ने प्रक्रियाका लागि आवश्यक कार्य भइरहेको स्पष्ट गर्नुभयो । उहाँले उक्त स्थानमा केन्द्रीय पुस्तकालय बनाएरै छाड्ने सङ्कल्प व्यक्त गर्नुभयो । हाल नेपाल राष्टिरय पुस्तकालय भक्तपुरमा अस्थायीरुपमा सञ्चालित छ ।

कार्यक्रममा पुस्तकालयका क्षेत्रमा उत्कृष्ठ काम गर्ने संस्था, व्यक्तिलाई पुरस्कृत र सम्मानित गरियो । पुरस्कृत हुनेमा पुस्तककालयतर्फ नरदेवी काठमाडौँको आशा सफु कुथीलाई रु ५० हजार राशिबाट पुरस्कृत भएको छ । यस्तै सम्मानतर्फ पुस्तकालयकर्मीमध्ये स्याङ्जाको कालीगण्डकी-४ बिर्घाको मातृभूमि सामुदायिक पुस्तकालयका जोगप्रसाद पाण्डे, पुस्तकालयप्रेमी तथा अभियन्तातर्फ रिड नेपालका अध्यक्ष भोलाकुमार श्रेष्ठ, पाठकतर्फ ललितपुरकागोदावरीनगरपालिका-४ बडिखेलका रुक्मिणी चालिसे सम्मानित हुनुभएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव सुरेश अधिकारीका अध्यक्षतामा गत साउन २२ गते गठित मूल समारोह समितिले 'पुस्तौँ पुस्ताका लागि पुस्तकालय' भन्ने आदर्श वाक्य तय गरी दिवस सम्पन्न गरेको हो । रासस

# चीनले चुच्चे नक्सा बिनाको नेपाली नक्सा जारी गरेकोप्रति पूर्वसुरक्षाकर्मीहरुको आपत्ति, नक्सा तत्काल सच्याउन आग्रह

टुडे समाचारदाता

काठमाण्डु ।पूर्वसुरक्षाकर्मी परिषद् नेपालले चीनले जारी नयाँ नक्सामा नेपालको भू-भागलाई भारततर्फ देखाएको भन्दै आपत्ति जनाएको छ । शुक्रबार रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलन गर्दै परिषद्ले चीनले आफ्नोसहित छिमेकी राष्ट्रहरुको नक्सा जारी गर्दा नेपालको भू-भाग भारतको नक्सामा देखाउनुले गम्भीर आशंका र दरार उत्पन्न गराएको बताएको हो ।

चीनले भू-राजनीतिक नक्सा सार्वजनिक गर्ने क्रममा लिपुलेक, लिम्पियाधुरा र कालापानी समेटिएको नेपालको नक्सालाई स्वीकार नगर्नु र उक्त भू-भाग भारततर्फ देखाउनु दुई देशबीचको मिलेमत्तोको आशंका उब्जिएको पूर्व सुरक्षाकर्मी परिषद्को ठहर छ ।

चीनद्वारा प्रकाशित त्रुटीपूर्ण नक्साले सम्पूर्ण नेपालीहरुको स्वाभिमान र आत्मसम्मानलाई ठेस पुर्‍याएको परिषद्को बुझाइ छ । चीनसँग नेपालको सदियौँदेखि छुट्टै र विशेष घनिष्ठ सम्बन्ध रहँदै आएको बताउँदै परिषद्ले चीनले जारी गरेको उक्त नक्सा सच्याउन आह्वान गरेको छ ।

पूर्वसुरक्षाकर्मी परिषद् नेपालका अध्यक्ष कोमल बहादुर राउतले चीन र भारत दुई ठूला देशहरुले नेपाललाई सानो भनेर हेप्ने गरेको बताए । देशमा संकट आएको बेला




पूर्व सुरक्षाकर्मी परिषद्ले निरन्तर आवाज उठाउँदै आएको उनले स्मरण गराए । उनले नेपाल र चीनबीचको सम्बन्ध एकदमै प्रगाढ रहेको बताउँदै उक्त नक्सा तत्काल सच्याउन पहल गरिनुपर्ने बताए ।

'पूर्वसुरक्षाकर्मी परिषद् नेपाल राष्ट्र र राष्ट्रियताका निमित्त खबरदारी गर्न कञ्जुस्याँई गर्दैन । छिमेकी राष्ट्रहरुको बीचमा हामी सानो छौं । तर, बलियो छौं । हामीलाई सानो भनेर हेप्ने कुरा भइरहेका छन्,' उनले भने । पूर्वसुरक्षाकर्मी परिषद् नेपालका केन्द्रीय सदस्य एवं प्रवक्ता हेमशंकर गिरीले नेपालले मित्र राष्ट्र चीनमाथि अत्यन्तै भरोसा गरेको बताए ।

पूर्वसुरक्षाकर्मी परिषद् नेपालका केन्द्रीय उपाध्यक्ष खगेन्द्र बस्नेतले गौतम बुद्धको शान्तिको देशमा आफूहरुले शान्तिपूर्वक बस्न चाहेको बताए । सरकार र राजनीतिक दलहरुले राष्ट्र र जनताको हितमा काम गर्न नसकेको उनको भनाई छ । उनले छिमेकी राष्ट्रहरुलाई छिमेकीको स्थानमा बस्न र सानो भनेर नहेप्नका चेतावनी दिए । पूर्वसुरक्षाकर्मी परिषद् नेपाल केन्द्रीय सदस्य एवं चन्द्रागिरि नगर समितिका अध्यक्ष विक्रमबहादुर पाण्डेले चीनले नेपालको भू-भाग भारतको नक्सामा विलय गराएर सार्वभौम सत्तामाथि प्रहार गरेको आरोप लगाए । आफूहरुले बारम्बार राष्ट्र र राष्ट्रियताको लागि खबरदारी गरिरहेको बताउँदै उनले राष्ट्र र राष्ट्रियताको लागि गठबन्धन सरकारलाई धेरै झक्झक्याउँदा केही सुन्न नचाहेको गुनासो गरे ।

पूर्वसुरक्षाकर्मी परिषद् नेपाल सह-सचिव मोहनसिंह खड्काले चीनले नेपालको भू-भाग भारतमा विलय गराएर नक्सा जारी गर्दा तीन करोड नेपालीको मन रोएको टिप्पणी गरे । चीनले गल्ती गरेको छ भन्ने कुरा कूटनीतिक तरिकाबाट सरकारले महसुस गराउन आवश्यक रहेको उनले बताए ।

नेपाली सेनाका पूर्व सहायक रथी डा.प्रेमसिंह बस्नेतले चीनले भारतलाई खुसी बनाउनका लागि नेपाली भू-भाग भारतीय नक्सामा विलय गराएको आरोप लगाए ।

सीमाविद् एवं पूर्वनापी महानिर्देशक बुद्धिनारायण श्रेष्ठले चीनले जारी गरेको नक्साका सन्दर्भमा नेपालले कूटनीतिक तहबाट सच्याउन लगाउन आवश्यक रहेको बताए । नेपाल सरकारले उक्त नक्सा सच्याउन लगाउने सार्थथ्यता नराखेमा सरकारको अकर्मण्यता पुष्टि हुने र नेपाली जनताले सधैं दुत्कारीरहने उनको भनाई छ ।

# कोशीको प्रदेश सरकारविरुद्धको रिटको सुनुवाइ आइतबार

काठमाण्डु । कोशी प्रदेश सरकारविरुद्ध सर्वोच्च अदालतमा परेको रिटको सुनुवाइ आइतबार हुनेभएको छ ।

न्यायाधीशद्वय ईश्वरप्रसाद खतिवडा र सुष्मालता माथेमाको संयुक्त इजलासका लागि तोकिएको शुक्रबारको पेशी हेर्न नमिल्ने भएपछि सुनुवाइ आइतबारका लागि सरेको हो ।

नेकपा (एमाले) कोशी प्रदेश संसदीय दलका नेता हिक्मतकुमार कार्कीले प्रदेश प्रमुख पर्शुराम खापुङ र मुख्यमन्त्री उद्धव थापालगायतलाई विपक्षी बनाई दायर गरेको रिट निवेदनमाथि प्रारम्भिक सुनुवाइ न्यायाधीश खतिवडामा परेको थियो । सोही कारण हेर्न नमिल्ने भएको हो ।

न्यायाधीश खतिवडाको एकल इजलासले यही भदौ ७ गते कोशी प्रदेश सरकारका नाममा दीर्घकालीन निर्णय नगर्न अन्तरिम आदेश जारी गरेको थियो । कोशी प्रदेशका मुख्यमन्त्री थापाले यही भदौ ४ गते प्रदेश भाबाट विश्वासको मत लिनुभएको थियो ।

# शुल्क वृद्धि खारेजीको माग गर्दै प्रवेश निषेध

टुडे समाचारदाता

काठमाण्डु । अखिल नेपाल विद्यार्थी संगठन (अनेरास्ववियु) जिल्ला कमिटीले इन्जिनियरिङ अध्ययन संस्थानको शुल्क वृद्धि खारेज हुनुपर्ने भन्दै त्रिभुवन विश्वविद्यालयकापदाधिकारीलाई कार्यकक्षमा प्रवेश निषेध गरेको छ ।

अनेरास्ववियुले शुक्रबार विभिन्न माग राख्दै त्रिवि पदाधिकारीलाई कार्यकक्षमा प्रवेश निषेध गरेका हुन् । इन्जिनियरिङ अध्ययन संस्थानले बढाएको शुल्कवृद्धि पूर्ण रुपमा खारेज हुनुपर्ने, सबै प्रदेशमा आईओई/आईओएमसँग सम्बन्धित १/१ वटा पूर्ण



आंगिक क्याम्पसहरु स्थापना गर्नुपर्ने, प्रधानमन्त्री, शिक्षामन्त्री त्रि.वि.को कुलपति र सह-कुलपति हुने व्यवस्था खारेज हुनुपर्ने र त्रिवि पदाधिकारी नियुक्ति गर्न बोर्ड अफ ट्रस्टी गठन हुनुपर्ने माग राखेका छन् ।

इन्जिनियरिङ अध्ययन संस्थानले पूर्ण शुल्कीय तर्फको ७ लाख ७५ हजार बनाउने निर्णय गरेपछि विद्यार्थी संगठनहरुले आन्दोलन गर्दै आएका थिए ।

बुधबार त्रिवि पदाधिकारी तथा विद्यार्थी संगठनबीच पाँच बुँदे सहमति भएको थियो । हाल वृद्धि गरिएको शुल्क फिर्ता लिन निर्देशन दिने, विद्यार्थी प्रतिनिधि सहितको गठन हुने समितिले सात दिनभित्र प्रतिवेदन पेश गर्ने र प्रतिवेदनले दिएको सुझावको आधारमा कायम हुने शुल्क लागू गर्न सबै सहमति हुने लगायतको विषयमा सहमति भएको थियो ।

# बालुवाटारको जग्गा हिनामिनामा संलग्न १७ जनाको बयान पुरा, आइतबारदेखि थुनछेक

टुडे समाचारदाता

काठमाण्डु । बालुवाटारस्थित 'ललिता निवास क्याम्प' भित्रको सरकारी जग्गा हिनामिनामा संलग्न १७ जना प्रतिवादीहरुको बयान पुरा भएको छ । एक जनाको बयान जारी रहेको जिल्ला अदालत काठमाडौँले जनाएको छ ।

न्यायाधीश भोलानाथ ढकालको इजलासमा शुक्रबारसम्मका १७ जना प्रतिवादीले बयान दिएका हुन् । समरजंग कम्पनीका तत्कालीन कार्यालय प्रमुख लोकहरी घिमिरेको बयान जारी छ । बालुवाटारको जग्गा हिनामिनामा संलग्न आरोपमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले १८ जनालाई पक्राउ गरेको थियो ।

शुक्रबार घिमिरेको बयान सकिने जिल्ला अदालत काठमाडौँका एकजना अधिकृतले रातोपाटीलाई बताए । भदौ ११ बाट थुनामा रहेको प्रतिवादीहरुको बयान सुरु भएको थियो । आइतबारदेखि सो मुद्दाको थुनछेक बहस सुरु हुन्छ ।

बालुवाटारस्थित ललिता निवास क्याम्पको १४३ रोपनी ६ आना ३ पैसा ३ दाम हिनामिना भएको सीआईबीको अनुसन्धान निष्कर्ष छ । जिल्ला सरकारी वकिल कार्यालयले २८९ जनालाई प्रतिवादी बनाएर जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो ।

# सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालबाट दर्ज्यानी चिह्न प्रदान

टुडे समाचारदाता

काठमाण्डु । सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकमा बढुवा भएका वरिष्ठ अधिकृतहरुलाई सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले दर्ज्यानी चिह्न प्रदान प्रदान गरेका छन् । गृह मन्त्रालयको भाद्र ११ गतेको निर्णयले सशस्त्र प्रहरी सेवा, साधारण समूह, साधारण उपसमूहतर्फका १२ जना सशस्त्र प्रहरी उपरीक्षकहरु सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक पदमा बढुवा भएका थिए ।

महानिरीक्षक अर्यालले व्यावसायिक जीवनमा पदोन्नति महत्वपूर्णरहनेउल्लेखगर्दैव्यावसायिक दक्षता र प्रदर्शन गरेको क्षमताको परिणाम स्वरूप पदोन्नति भएको



बताए । उनले कार्यक्षेत्रमा परिचालित हुँदा पूर्ण क्षमता, व्यवसायीकता, इमानदारिताका साथ जिम्मेवारी निर्वाह गर्न निर्देशन लिँदै संगठन स्थापना पश्चात संगठनको साख वृद्धिमा टेवा पुर्‍याउने अग्रजहरुको सम्मान गर्दै संगठनमा फौजी परम्पराको रक्षा गर्नु सबै तहका राष्ट्रसेवकहरुको दायित्व रहेको उल्लेख गरे ।

महानिरीक्षक अर्यालले भ्रष्टाचार विरुद्धका कार्यमा शून्य सहनशीलताको नीति अवलम्बन गरी पेशाप्रति पूर्ण निष्ठावान भई थपिएको पदीय जिम्मेवारीलाई त्रुटिरहित ढंगबाट निर्वाह गर्न निर्देशन दिए ।

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरुले पठाएका कविता/गजलहरु

## कविता

मधेश प्रदेश को office उही हो यहाँ खाली
कर्मचारी फेरिन्छ,
काम गर्ने तरिका उही हो, यहाँ खाली
घुस लिने माध्यम फेरिन्छ,
मान्छे उही हो, यहाँ खाली
बसाई फेरिन्छ,
अनुहार उही हो, यहाँ खाली
हसाई फेरिन्छ,
कति बगोस् निर्दोस् रगत
हतियार उही हो, यहाँ खाली
कसाई फेरिन्छ !!
दुइ दिनको छ जिन्दगी,
आफु पनि बाँच अनि बाँच्नदेउ !! -
बाँच अनि बाँच्नदेउ !! --



**राम एकबाल महतो**
**नक्टाझिज**
**मिथिला न.पा ६,धनुषा**

## जिन्दगी

मायाको राग सगै सुभाष दिने यो जिन्दगी ।
पहाडका खोरिया सरी उजाड हुने यो जिन्दगी । ।
कहाँ बाट सुरु हुन्छ ?कहा छ ?गन्तब्य त्यसको ।
घिनाउने साथमा पनि उपहार हुन्छ जिन्दगी ॥
जिउनु पर्छ बाध्यताले २ दिन हो जस्तो लाग्छ मलाई ।
नदिको भेल सरी उर्लने हो यो जिन्दगी ॥
खोज्छ सधै उन्नती अनी प्रगतिका लहरहरु ।
तर पाइदैन शही बाटो धिक्कार लाग्छ जिन्दगी ॥
दुःख र सुखको सङगम लिएर सधै साथमा ।
को हुन्छ र भब बुज्ने रोदन होकी लाग्छ जिन्दगी ॥
भन्छ सधै यो मन आफ्नो सम्भन्छ कसैलाई ।
खडा हुन्छ तरबार त्यहाँ कस्तो हुन्छ त्यो जिन्दगी ॥
अतित र बर्तमान सगै खोज्दै हिंड्ने ति बाटाहरु ।
मरेर गरे पनि पुरा न् हुने जिन्दगी ॥



**लेखकः- लकि एल् .के**
**प्रकाशन सहजीकरणः- रुपेश महतो**
**ठेगानाः- माधवनारायण न.पा -३ सखुअवा रौतहट**

## मलाई मन पर्दैन ।

किन काँडा होइन
ओइलिन्छ फूल तेज घाममा
मलाई गुलाफ मन पर्दैन ।
किन फर्किन्छ फेरी
बर्षा बनि धरातलमा
मलाई पानीवाफ मन पर्दैन ।
किन सोध्छ एउटै प्रश्न
बारम्बार जिन्दगीले
दिन मलाई जवाफ मन पर्दैन ।
खान्छु परिश्रमीक आहारा
गर्छु शान्तिपुर्ण गुजारा
अरुको मलाई रवाफ मन पर्दैन ।
किन जोड्छन् हात सत्रु
आज मेरो सफलता हेरेर
गर्न मलाई माफ मन पर्दैन ।
यहाँ जीतको उपाधि
किन लिन्छन् अपराधी
विपक्षी मलाई निसाफ मन पर्दैन ।



**लेखकः- राम मण्डल**
**ठेगानाः लक्ष्मीनियाँ गा.पा.-१ , सिनुरजोडा**
**धनुषा , नेपाल ।**

## खोजी विश्वासके

कोइ केकरो आसमे नै रहिछै,
एत कोइ केकरो प्यास मे नै रहिछै,
बस विश्वास क क रहि छै,
जत लोग विश्वास छोरले रहिछै।
नै कोइ भुखले मरि छै,
नै कोइ बेसी खाक मरि छै,
मरि छै त बस विश्वास के लागि,
जत लोग विश्वास छोरले रहि छै।
हरदम नया सपना देखबी छै,
आइख खुल्ते सब खत्म भजाइ छै,
मगर खोजी जरुर करिछै विश्वास के,
जत लोग विश्वास छोरले रहि छै।
आइख भरल रहिछै हरदम नोर स,
एत सब लोग पानी बुझ लगि छै,
न रंग, न स्वाद, न पहिचान मात्र विश्वास खोजि छै,
जत लोग विश्वास छोरले रहि छै ।



**धर्मेन्द्र कुमर यादव**
**मगरथाना, महोत्तरी**

# शाहरुखको 'जवान' ट्रेलरमा जबर्जस्त एक्सन

मुम्बई । बलिउड सुपरस्टार शाहरुख खान अभिनीत फिल्म 'जवान'को प्रदर्शनको एक हप्ताअघि ट्रेलर सार्वजनिक गरिएको छ। शाहरुखले बिहीबार दुबईबाट सार्वजनिक गरेको ट्रेलर 'एक्सन प्याक्ड' छ। भीएफएक्स र ब्याकग्राउन्ड म्यूजिक जबर्जस्त देखिन्छ । एक्सन अवतारमा प्रस्तुत भएका शाहरुखको दुई रुप देखाइएको छ। एउटामा उनी प्रहरी र अर्कोमा नकारात्मक भूमिकामा चित्रित छन् ।

सारुकको भिडन्त भिलेन विजय सेतुपतिसँग हुने ट्रेलरले संकेत गर्छ । प्रहरीको भूमिकामा साउथ अभिनेत्री नयनतारा प्रस्तुत छन् । दीपिका पादुकोण अतिथि भूमिकामा रहेको फिल्ममा सान्या मल्होत्रा, प्रियामणि, अश्लेशा ठाकुर, लहर खान, रिद्धि डोगरा, संजीता भट्टाचार्या, गिरिजा ओक गोडबोले, योगी बाबुको पनि अभिनय छ । हिन्दीसहित तमिल र तेलुगू भाषामा पनि फिल्म रिलिज हुँदैछ।

शाहरुख स्वयंको प्रोडक्सन कम्पनी रेड चिल्लीले निर्माण गरेको फिल्मका निर्देशक एट्ली कुमार हुन् । उनी साउथ इन्डष्ट्रीका नामी निर्देशक हुन् ।

## मानवता हेरा गेलई...

मानव स मानवता हेरा गेलई
सब कतौ नै कतौ विका गेलई॥१॥
अन्धकार के जीवन आब आईब गेलई
इमानदार के जवाना आब विला गेलई॥२॥
माय, वाप के सपना सब मिटा गेलई
दोस्रो सब अपन मुह घुमा लेलकई॥३॥
हात स हात जोईरक चल विसरा गेलई
लात स माईरक अपने आगु बढ पाईब गेलई॥४॥
भाई,भाई मे खटपट करा देलकई
ओकरे फाईदा दुनियाँ उठा लेलकई॥५॥
कर्मचारी सेहो घुस मे अनराह गेलई
गरीव जनता रसते मे भुतलाह गेलई॥६॥



**लेखक उज्ज्वल झा (निकेत)**
**शिक्षाः स्नातक दोस्रो वर्ष जारी**
**अस्थायी ठेगानाः जनकपुरधाम,४**

## रक्षा बंधन

आबै छै सालमे रक्षाबन्धन पावनि
खुशी-उमङ मनौने होतै हमर बहीन
घर असोरा आंगन निप क'
खूब चम्मकौने होतै हमर बहीन
भैया औतै ताँहि आसामे
निक निक खाना बनौने होतै हमर बहीन
निक निक राखी आ फल फुलसब
बजार जा' क लौने होतै हमर बहीन
भैया नहि अएला अहूंबेर सोचिक'
आँखिसँ नीर बहौने होतै हमर बहीन



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**

## गजल

पुगेर चँद्रमापारी
बस एकचोटी तिमीसँग भेट्न रहर छ माया।
थाह छैन मलाई त्यो हाम्रो भेट कस्तो होला

बस तिम्रो कमल झै फुलेको अनुहार आफ्नो मुटूभित्र
सजाउन मन छ
त्यो तिम्रो मृगनयन आफ्नो आँखा मिलउन मन छ माया

लेख्न मन छ आफ्नै रँगीन प्रेमकथा जहाँ होस मात्रै
मिलनको मिठास र प्रेमै प्रेम ।



**दिपेश ठाकुर**
**गरुडा -४,रौटहट**

# 'पशुपति प्रसाद २' को गीतमा आँचलको ठुम्का, विपिनको रोचक नृत्य




काठमाण्डु । दीपेन्द्र के. खनालको निर्देशनमा तयार भएको फिल्म 'पशुपति प्रसाद २ ः भष्मे डन'को पहिलो गीत सार्वजनिक गरिएको छ । 'दुई चुल्ठी बाटन' बोलको गीतमा निशान भट्टराई र मेलिना राईको युगल स्वर रहेको छ भने बी पाण्डेको शब्द रचना र सुभाष भुषालको संगीत छ । लोक शैलीको छनक दिने गीतमा फिल्मका मुख्य अभिनेता विपिन कार्की र अभिनेत्री आँचल शर्माको नृत्य प्रस्तुत छ ।

पशुपतिनाथ परिसरमा छायांकन गरिएको गीतमा आँचललाई अभिनेत्रीकै रुपमा प्रस्तुत गरिएको छ । उनले एक गीतको छायांकन गरिरहेकी हुन्छिन् । र, सुटिङ हेर्न पुगेका भष्मे डन (विपिन) आफू हिरो भएर आँचलसँग नृत्य गरेको कल्पनामा डुब्छन् । प्रविन सिंहको नृत्य निर्देशन रहेको गीतमा विपिनको गेटअप र नृत्य शैली रोचक छ । गीतको अडियो र भिडियो दुवै पक्ष प्रशंसनीय छ ।

खगेन्द्र लामिछानेको लेखन तथा निर्माण रहेको फिल्ममा विपिनसँगै सौगात मल्ल, स्वस्तिमा खड्का, रविन्द्र सिंह बानियाँ, माओत्से गुरुङ, प्रकाश घिमिरे, लोकेन्द्र लेखक, मिस्श्री थापा, सजन थापा मगर, विभु पौडेल, प्रकाश दाहाल, संजोग रसाइलीलगायतको अभिनय छ। खगेन्द्र लामिछाने र वर्षा सिवाकोटी विशेष भूमिकामा छन् । आँचल फिल्मको 'दुई चुल्ठी बाटन' गीतमा मात्र छिन् ।

फिल्ममा निरज कँडेलको डिओपी, कृष्ण थापाको छायांकन, दीर्घ खड्काको सम्पादन, किरण भुषाल, कृष्ण भारद्वाज तथा सुभाष भुषालको संगीत छ । पशुपति प्रसाद चरित्रको मृत्युपछि पशुपति क्षेत्रमा अस्तित्व स्थापित गर्न संघर्षरत भष्मे डनको जीवनमा एउटा पात्रको प्रवेशपश्चात् सुरु भएको परिचय र आत्मसम्मानको लागि गर्ने शक्ति संघर्षको कथामा फिल्म केन्द्रित रहेको जनाइएको छ ।

सात वर्षअघि प्रदर्शनमा आएको सुपरहिट फिल्म 'पशुपति प्रसाद'को चरित्र केन्द्रित सिक्वेलको रुपमा निर्माण भएको फिल्म आगामी दशैंमा प्रदर्शनमा आउँदैछ । तर, अहिलेसम्म प्रदर्शन मिति यकिन भैसकेको छैन । फिल्मले फूलपाती या घटस्थापनामध्ये एउटा रोज्न सक्नेछ। निर्देशक खनालले अर्थपूर्ण सिक्वेल बनेको दाबी गरेका छन् । फिल्ममा विपिनले भष्मे डनको चरित्र निभाएका छन् ।



# 'ऐंचो पैंचो' प्रिमियर : वर्षाको अभिनयको प्रशंसा

काठमाण्डु । 'ऐंचो पैंचो' रिलिजपूर्वसम्म अभिनेत्री वर्षा राउतको रोल काटिएको चर्चाले मिडिया गर्माएको थियो । तर, बुधबार साँझ काठमाडौंमा आयोजित प्रिमियरमा सबैभन्दा बढी प्रशंसा वर्षाले नै कमाएकी छन् । गम्भीर भूमिकामा रहेकी उनले मनछुने अभिनय गरेको भन्दै प्रायःले प्रिमियरमा उनको प्रशंसामा शब्द खर्चिए । उनका साथै अभिनेता सुशील सिटौलाले पनि अभिनयको तारिफ पाएका छन् ।

निर्देशक शोभित बस्नेतले भनेका छन्, 'मिडियामा वर्षाको रोल काटिएको भन्ने चर्चा चलेको थियो । तर, काटिएको रहेनछ । वर्षाको गजबै रोल छ ।' 'ऐंचो पैंचो'को कथावस्तुले नेतालाई दुखी र आफ्नो पीडा देखाएकोमा कार्यकर्तालाई खुसी बनाउने उनको बुझाई छ । सबै राजनीतिकर्मीले फिल्म हेर्नेपर्ने उनी बताउँछन् । उनका छोरा तथा अभिनेता सलोन बस्नेतले पनि फिल्म राम्रो रहेको बताए ।

त्यस्तै, निर्देशक तथा कलाकार दीपाश्री निरौलाले फिल्म राम्रो रहेको बताउँदै राजनीतिले समाजमा पारेको प्रभावलाई सशक्त ढंगले प्रस्तुत गरिएको बताइन् । वर्षाका श्रीमान् तथा अभिनेता संयोग कोइरालाले फिल्म समसामयिक रहेको र हेरुन्जेल मज्जा आएको प्रतिक्रिया दिए । निर्देशक एभरेष्ट सूर्य बोहोराले फिल्म मनोरञ्जनात्मक रहेको बताउँदै अहिलेकै माहोललाई चित्रण गरिएको बताए ।

सांसद् ज्ञानेन्द्र शाहीले फिल्मले यथार्थ पक्ष देखाएको धारणा राखे । फिल्ममा कुनै बनावटी नभएको र राजनीतिज्ञकै कथा देखाएको उनको ठम्याइ छ । अर्का सांसद् प्रेम आलेले फिल्म असाध्धै राम्रो बनेको भन्दै प्रशंसा गरे । राजनीतिकर्मीले आफूलाई सच्चाउनुपर्ने सन्देश फिल्मले दिएको उनको बुझाई छ । अर्की सांसद् शोभिता गौतमले फिल्मले समाजको राम्रो ऐना प्रस्तुत गरेको तर्क गरिन् ।

प्रिमियरमा फिल्मकर्मीहरुका साथै नेकपा एकिकृत समाजवादीका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री माधव कुमार नेपाल, राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, कांग्रेस नेता प्रदीप पौडेल, एमाले नेता महेश बस्नेतलगायतको उपस्थिति थियो । प्रिमियरमा प्राप्त सकारात्मक प्रतिक्रियाले निर्देशक कृषा चौलागाईं खुसी देखिएकी थिइन् । दर्शकले पनि फिल्म रुचाउनेमा उनी विश्वस्त देखिइन् ।

यो फिल्ममा स्वस्तिमा खड्का, वर्षा राउत, मुकुन भुषाल, सुशिल सिटौला, कोशिस क्षेत्री, रमेश बुढाथोकी, राजाराम पौडेल, बुद्धि तामाङ, रविन्द्र झा, सरिता गिरी, विशाल पहारी आदिको अभिनय छ । फिल्ममा अभिमन्यू निरवीको लेखन र पुरुषोतम प्रधानको छायांकन रहेको छ । 'काले केटाले' गीतका कारण चर्चामा रहेको 'ऐंचो पैंचो'ले राजनीतिलाई मियो बनाएर कथावाचन गरेको छ ।

# हलमा 'ऐंचो पैंचो' भर्सेस 'गणपति', दुवैमा मुकुन

काठमाण्डु । फिल्म रिलिजका लागि भदौ उचित महिना मानिन्छ । पानी पर्ने सम्भावना न्यून रहने र चाडपर्वको रौनक हुने भएकाले हरेक वर्षको भदौमा नेपाली फिल्मबीच ठूलो प्रतिस्पर्धा हुने गर्छ । यसपालि पनि भदौमा फिल्म रिलिजको बाढी छ । अघिल्ला दुई हप्तामा मात्र चार नेपाली फिल्म प्रदर्शनमा आइसकेका छन् । र, यो हप्ताका लागि दुईटा फिल्म 'ऐंचो पैंचो' र 'गणपति'ले प्रदर्शन थालेका छन् ।

जनैपूर्णिमा तथा गाईजात्राको सार्वजनिक विदा भएकाले यी दुई फिल्म बिहीबारबाटै प्रदर्शन भएका हुन् । नभए शुक्रबार मात्र फिल्म रिलिजको प्रचलन छ । रोचक संयोग चाहिँ के जुरेको छ भने दुईवटै फिल्ममा प्रमुख कलाकार एउटै छन्, मुकुन भुषाल र राजाराम पौडेल । यद्यपि, दुवै फिल्मको विषयवस्तु नितान्त फरक छन् । तर पनि भिडन्तको असर दुवै फिल्मको व्यापारमा देखिन सक्नेछ ।

'काले केटाले' गीतको लोकप्रियताका कारण चर्चामा रहेको 'ऐंचो पैंचो'मा नाम चलेका कलाकारहरुको जत्था छ। प्रचार पनि चुस्त थियो। यसैले देशका अधिकांश मल्टीप्लेक्स हलहरुले फिल्मप्रति ठूलो अपेक्षा राखेर सुखद शो बाँडेका छन् । त्यसमाथि प्रदर्शनको पहिलो दिन नै सार्वजनिक विदाको अवसर मिलेको छ ।रासस

# न्याय क्षेत्रमा प्रवेश गरेपछि पछाडि फर्कनु परेन : प्रधानन्यायाधीश श्रेष्ठ



काठमाण्डु । प्रधानन्यायाधीस विश्वम्भरप्रसाद श्रेष्ठले आफू न्याय क्षेत्रमा प्रवेश गरेपछि कहिल्यै पछाडि फर्कनु नपरेको बताउनुभएको छ । सुदूरपश्चिमाञ्चल सरोकार मञ्चले शुक्रबार उहाँलाई अभिनन्दन गर्ने क्रममा उहाँले भन्नुभयो, "न्यायापालिका प्रवेश गरेपछि पछाडि फर्केर हिँड्नु परेन । जहिले पनि म अग्रस्थानमा पुगिरहेको छु ।"

त्यसपछिका वृत्तिविकासमा आफू सधैं काममा अब्बल रहेका कारण नै होला सधैं अग्रस्थानमा पुगेको उहाँको भनाइ थियो । प्रधानन्यायाधीस श्रेष्ठले मञ्चको अभिनन्दनले आफूलाई गौरव महसुस भएको उल्लेख गर्दै भन्नुभयो, "यसले मलाई न्यायिक कार्यमा थप सक्रियता हुन र थप बल पुग्नेछ भन्ने लागेको छ ।"

सो अवसरमा उहाँले आफू डोटीमा जन्मिइ सुदूरपश्चिमबाट भारतको बाटो हुँदै काठमाण्डु आउनुपर्ने अवस्थामा दुःखसुख गरेर कठिनाइ र सङ्घर्षका साथ अध्ययन तथा वृत्तिविकासमा लागेको स्मरण गर्नुभयो । प्रधानन्यायाधीस कार्कीले हाल आफ्नो कार्यक्षेत्रमा राम्रै गरेको छु भन्ने लागेको र सबैले पनि त्यही बुझ्केको महसुस गरेको भन्ने लागेको बताउनुभयो ।

"सुदूरपश्चिम भन्नासाथ असाध्यै माया लाग्छ । जन्मेको ठाउँ । नजिक रहने हाम्रो स्वभाव पनि हो", उहाँले भन्नुभयो । मञ्चले सुदूरपश्चिम प्रदेशका लागि राम्रो काम गरिरहेको बताउँदै उहाँले आगामी दिनमा पनि निरन्तरता पाओस् भन्ने कामना गर्दै आफूबाट हुनसक्ने सहयोग सधैं रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सो अवसरमा मञ्चका अध्यक्ष बहादुरसिंह विष्टले संस्थाले गर्दै आएका कामका बारेमा जानकारी गराउँदै संस्थाका तर्फबाट अभिनन्दन गर्नुभएको थियो । यसैगरी मञ्चका संस्थापक संरक्षक एवं पूर्वप्रहरी महानिरीक्षक मोतीलाल बोहराले दोसल्ला ओढाएर सम्मान गर्नुभएको थियो । कार्यक्रममा मञ्चका सल्लाहकार, पदाधिकारी एवं सदस्य सहभागी हुनुहुन्थ्यो । सुदूरपश्चिम प्रदेशको डोटीको सिलगढीमा बुवा दिव्यनारायण श्रेष्ठ र आमा देवकुमारी श्रेष्ठको कोखबाट विसं २०१६ असोज २० गते जन्मिनुभएका विश्वम्भरप्रसाद श्रेष्ठले त्रिभुवन विश्वविद्यालयबाट कानुन मा स्नातक र राजनीतिशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ ।

विसं २०४१ मा सुदूरपश्चिमको क्षेत्रीय अदालतमा शाखा अधिकृतका रुपमा कार्य गर्नु भएका उहाँले २०४४ सालमा उपसचिव र २०४५ सालमा जिल्ला अदालत दार्चुलामा न्यायाधीशका रुपमा काम गर्नुभएको थियो । विसं २०४९ मा सर्वोच्च अदालतमा डेपुटी रजिष्ट्रार र झण्डै चारदशकसम्म न्याय सेवामा रहनुभएका उहाँ २०८० साल भदौ ५ गते प्रधानन्यायाधीश पदमा नियुक्त हुनुभएको हो । रासस

# सुशासन र समृद्धिको यात्रामा सरकार : प्रधानमन्त्री




गण्डकी । प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले सुशासन र समृद्धिको यात्रामा सरकार अघि बढेको बताउनुभएको छ । समाजवादी मोर्चा, नेपालद्वारा शुक्रबार पोखरामा आयोजित गण्डकी प्रदेशस्तरीय सन्देशसभालाई सम्बोधन गर्दै उहाँले अर्थतन्त्र तहसनहस बनिरहेका अवस्थामा आफूले सरकारको नेतृत्व लिएको बताउनुभयो ।

यसबीचमा निजी र सार्वजनिक क्षेत्रबीच सहकार्य बढाउँदै अर्थतन्त्रलाई सही गतिमा अघि बढाउने काम भएको प्रधानमन्त्री दाहालको दाबी छ । उहाँले रेमिट्यान्स एवं राजस्व बृद्धि, विदेशी मुद्रा सञ्चितीलगायतमा उपलब्धि हासिल भएको बताउनुभयो । अर्थतन्त्रमा अझै पनि दबाब कायम रहेको बताउँदै उहाँले बैंकको ब्याजदर, सहकारी क्षेत्रलगायतमा देखिएका समस्या क्रमशः समाधान गर्दै जाने बताउनुभयो ।

भ्रष्टाचार विरोधी अभियानलाई सरकारले निडरताका साथ अघि बढाइरहेको बताउँदै प्रधानमन्त्री दाहालले यो अभियान सानो मनले सुरु नगरिएको र दोषी छ भने जोसुकै भए पनि पर्ने स्पष्ट पार्नुभयो । भुटानी शरणार्थी, ललिता निवास प्रकरणलगायत विषयमा भइरहेका छानबिन निष्कर्षतिर जाने उहाँले बताउनुभयो ।

भारत भ्रमणका क्रममा महत्त्वपूर्ण उपलब्धि हासिल भएको बताउँदै उहाँले भएका उपलब्धिलाई सुन्ने तथा भन्ने वातावरण पनि नदिइएको उल्लेख गर्नुभयो । आफूले चाँडै नै न्यूयोर्क र त्यसपछि चीनको भ्रमणमा जान लागेको जानकारी दिँदै उहाँले न्यूयोर्कमा जलवायु परिवर्तनबाट भएका विपत्तीलगायत विषयमा छलफल गरिने बताउनुभयो ।

चीन भ्रमणको क्रममा पोखरा र लुम्बिनी विमानस्थलबाट सिधै चीनका विभिन्न शहरमा उडान भर्ने सम्बन्धमा छलफल गरिने उहाँले जानकारी दिनुभयो । उक्त भ्रमणका क्रममा कोरोला नाका र रूइला नाका खोल्ने चीनसँग सहमति गर्ने एजेण्डा तय भइसकेको प्रधानमन्त्री दाहालले बताउनुभयो ।

नेपालले चीनसँग सुकेको घाँस निर्यात, राँगो तथा भैंसीको मासु नियात गर्न सक्ने धेरै किसिमका सम्भावना रहेको उहाँको भनाइ छ । प्रधानमन्त्री दाहालले संयुक्त राष्ट्रसङ्घको महासभामा नेपालले जलवायु परिवर्तनका कारण नेपाललगायत तेस्रो मुलुकले भोग्नुपरेका समस्याबारे प्रमुखरूपले कुरा उठाउने बताउनुभयो । जलवायु परिवर्तन नेपालको मात्रै नभएर सिङ्गो विश्वको मुद्दा भएको उहाँको भनाइ छ ।

"केही दिनपछि म संयुक्त राष्ट्रसङ्घको महासभामा जाँदैछु । यसपटक मैले जलवायु परिवर्तन र त्यसले नेपाललगायत तेस्रो विश्वले भोग्नुपरेका समस्याबारे गम्भीररूपले कुरा उठाउँछु । आज जलवायु परिवर्तन र विश्व तापमान वृद्धिले सिङ्गो मानवजातिको भविष्यमा नै चुनौती खडा भएको छ । यसबारे गम्भीररूपले बहस गरेर साझा समाधान खोज्ने बेला आएको छ," प्रधानमन्त्री दाहालले भन्नुभयो ।

कुनै आवेगमा आएर समाजवादी मोर्चा गठन नभएको स्पष्ट पार्दै उहाँले यसले सच्चा कम्युनिष्ट तथा लोकतन्त्रवादीलाई एकताबद्ध बनाउँदै लैजाने बताउनुभयो । विभाजित कम्युनिष्ट एक ठाउँमा केन्द्रित हुनु आवश्यक भएको उल्लेख गर्दै उहाँले समाजवादको नयाँ उद्देश्यमा पुग्नका लागि एकता आवश्यक भएको बताउनुभयो । परिवर्तनको उपलब्धिको रक्षार्थ विभाजित भएर नभै एकताबद्धरुपमा अघि बढ्नु जरुरी रहेको बताउँदै उहाँले मोर्चा प्रतिको आस्था र विश्वास बढ्दै गएको बताउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी(एकीकृत समाजवादी)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले जनताका लागि भनेर अहिलेको परिवर्तन ल्याएकाले अब काम गरेर देखाउनुपर्ने चुनौती रहेको बताउनुभयो । जनताले वर्तमान सरकारप्रति ठूलो आशा गरेकाले काम गरेर जनताको मन जित्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

अध्यक्ष नेपालले भन्नुभयो, "जनताले अहिले ठूलो आशा गरेका छन् । जनताका लागि परिवर्तन ल्याएकाले काम गरेर देखाउनु पर्ने चूनौती छ । सरकारको हात पनि बलियो बनाउने र सरकारको साथमा जनता छन्, राजनीतिक दल पनि छन् भनेर मोर्चाको अवधारणा अघि सारेका हौं ।" अध्यक्ष नेपालले चार दलीय मोर्चालाई सरकारसँग मात्र जोडेर हेर्न नहुने उल्लेख गर्नुभयो । उहाँले कसैले देशको राष्ट्रियता र स्वाभिमानमा आँच पुर्याएमा मोर्चा चुप लागेर नबस्नेसमेत दावी गर्नुभयो ।

"कसैले यो मोर्चालाई सरकारसँग मात्र जोडेका छन् । सरकारसँग मात्र जोड्ने होइन । सरकारसँग पनि जोड्ने हो, जनता र देशसँग पनि जोड्ने हो । यो मोर्चा तीन वटै क्षेत्रमा क्रियाशील हुनेछ ।" अध्यक्ष नेपालले भन्नुभयो ।

वर्तमान सरकारले निष्पक्ष ढङ्गबाट काम गरिरहेकाले सबैले साथ र सहयोग गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । देशमा सुशासन कायम गर्ने सँगसँगै सरकारले देश विकासका क्षेत्रसमेतमा पहल गरिरहेको अध्यक्ष नेपालले बताउनुभयो । उहाँले मोर्चामा आवद्ध दलका नेता तथा कार्यकर्ताबीचमा प्रदेश तथा स्थानीयस्तरसमेतमा सुमधुर सम्बन्ध कायम गर्दै अघि बढ्न आग्रह गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द 'विप्लव' ले क्रान्तिबाट स्थापित उपलब्धिको रक्षाका लागि समाजवादी मोर्चा गठन भएको बताउनुभयो । पछिल्ला समयमा क्रान्तिबाट पराजित शक्ति जुरमुराउन थालेको उल्लेख गर्दै उहाँले कम्युनिष्ट आन्दोलनमा देखिएका फुटहरू समाजवादी मोर्चाका रुपमा एकताबद्ध हुँदै अघि बढ्न थालेको बताउनुभयो । पछिल्ला समयमा जनयुद्ध लडेर आएका विरुद्धमा, समाजवादी आन्दोलनका विरुद्धमा षडयन्त्र भैरहेको उहाँले बताउनुभयो ।

जनता समाजवादी नेपालका कार्यकारी सदस्य शिवलाल थापाले नेपालको आवश्यकताअनुसार समाजवादी मोर्चा गठन भएको बताउँदै यो आगामी २०८४ को निर्वाचनका लागि मात्र नभइ पछिसम्म पनि चलिरहने बताउनुभयो । पछिल्ला समयमा सरकारले भ्रष्टाचारका फाइल खोलिरहेको बताउँदै उहाँले उक्त कार्य प्रशंसनीय भएको जिकीर गर्नुभयो । रासस

# कांग्रेसमाथि चौतर्फी आक्रमण भयो : डा कोइराला

तनहुँ । नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा शेखर कोइरालाले कांग्रेसलाई चौतर्फी आक्रमण भइरहेको बताउनुभएको छ । शुक्रबार दमौलीस्थित वीपी स्मृति भवनमा नेपाली कांग्रेस जिल्ला कार्यसमितिले आयोजना गरेको स्वागत कार्यक्रममा उहाँले यस्ता आक्रमणलाई परास्त गर्न सबै एक ढिक्का भएर लाग्नुपर्नेमा जोड दिनुभयो । डा कोइरालाले भन्नुभयो, "सबै तवरबाट भएको आक्रमणलाई परास्त गर्न आवश्यक छ, त्यसैले अब कांग्रेस एकढिक्का हुनुपर्छ ।" उपनिर्वाचनमा विजयी हुन नसके पनि निराश हुनुपर्ने अवस्था नरहेको चर्चा गर्दै उहाँले तनहुँ कांग्रेसको गढ हो चिन्ता लिनुपर्ने अवस्था छैन तर नेतृत्वले एक ढिक्का बनाउन प्रयत्नरत हुनुपर्नेमा जोड दिनुभयो ।

डा कोइरालाले भन्नुभयो, "देशको आर्थिक, धार्मिक, सांस्कृतिक र अब कूटनीतिक क्षेत्रमा समेत कतै ठीक देखिँदैन, यसको समाधानका लागि जबसम्म कांग्रेसको नेतृत्व हुँदैन तवसम्म कठिन हुन्छ ।" आगामी निर्वाचनमा कांग्रेस एक्लै चुनावी मैदान उत्रने गरी नेतृत्वले भूमिका निर्वाह गर्नुपर्नेमा उहाँले बताउनुभयो ।

तनहुँमा कांग्रेस बलियो भए यससँग जोडिएका छिमेकी जिल्लालाई समेत प्रभाव पर्ने भएकाले यहाँको नेतृत्व निराश नभई सशक्त बन्नुपर्नेमा डा कोइरालाले सुझाव दिनुभयो । रासस

# सबै मिलेर जलवायुबाट हुने असरको क्षतिपूर्ति लिन दाबी गरौँ : वनमन्त्री महतो

काठमाण्डु । वन तथा वातावरणमन्त्री डा वीरेन्द्रप्रसाद महतोले आगामी जलवायु सम्मेलनमा सरोकारवाला सबै सङ्घ संस्था र नेपाल सरकार मिलेर जलवायु परिवर्तनबाट मुलुकमा परेको असरको क्षतिपूर्ति लिन पहल गर्नुपर्ने बताउनुभएको छ ।

नेपाल सरकार र यूएन वुमन नेपालको सहकार्यमा साथसाथै संस्थाले आज यहाँ आयोजना गरेको जलवायुसम्बन्धी कार्यक्रममा उहाँले जलवायु परिवर्तनसम्बन्धी आगामी अन्तर्राष्ट्रिय सम्मेलन (कोप-२८) मा धेरै



उपलब्धि हासिल गर्न सकिने गरी सरकारले तयारी गरिरहेको जानकारी गराउनुभयो ।

उहाँले भन्नुभयो, "विगतमा जलवायु सम्मेलनलाई गोष्ठी र विदेश भ्रमणको रुपमा बढी केन्द्रित गरेको पाइयो । आगामी कोप-२८ मा सरकारले व्यापक तयारी गरेको छ, यसपाली पहिलो पटक एक लाख अमेरिकी डलर खर्चमा आफ्नै 'पेभिलियन' (बृहत मण्डला) राख्ने निश्चित भइसकेको छ । त्यसमा नेपालका मुद्दाबारे प्रदर्शन गरिनेछ । नेपालका हिमाल र नेपालले गरेका कामबारे त्यहाँ जानकारी गराइने छ ।"

वनमन्त्री डा महतोले जलवायु परिवर्तनको मुख्य जोखिममा महिला र बालबालिका बढी प्रभावित देखिएको उल्लेख गर्दै भन्नुभयो, "घरायसी तथा कृषि तथा अन्य सीपमूलक कार्यहरूमा पनि महिला नै अग्रपंक्तिमा छन्, पुरुष कमाउनका लागि बाहिर जाने वा विदेशिने भएकाले पनि महिला र बालबालिका जलवायु परिवर्तनले निम्त्याएको विपद्को बढी जोखिममा परेका छन् ।" व्यवस्थापनमा महिला र बालबालिकालाई प्राथमिकतामा राख्नुपर्ने उहाँको भनाइ थियो ।

कार्यक्रममा यूएन वुमन नेपालका राष्ट्रिय प्रतिनिधि प्याट्रिसिया फर्नाण्डेज्ले नेपाल सरकारले समावेशिताका लागि चालेका कदम महत्त्वपूर्ण भएको बताउँदै जलवायु परिवर्तनका असर कम गर्न नेपालले चालेका कदमको प्रसंशा गर्नुभयो । "हामी नेपाल सरकारसँग मिलेर जलवायुको असरले महिला तथा जोखिममा परेका समुदायका समस्या सम्बोधनमा काम गर्न इच्छुक छौँ", उहाँले भन्नुभयो । संस्थाका अध्यक्ष प्रजिता कार्कीले संस्थाले गर्दै आएका कामका बारेमा जानकारी गराउँदै अहिले हाम्रो काँधमा भविष्यको पुस्ताको लागि बस्न योग्य पृथ्वी सुरक्षित गर्ने ठूलो जिम्मेवारी छ भन्नुभयो । उहाँले कृषिमा जलवायु परिवर्तनले गम्भीर असर गरिरहेको बताउँदै खाद्य सङ्कटतर्फ उन्मुख भइरहेका उल्लेख गर्नुभयो ।

"अबको केही महिनामा नै विश्वका नेताहरू कोप-२८ सम्मेलनका लागि संयुक्त अरब इमिरेट्स (यूएई) को दुबईमा भेला हुँदैछन् । हामीले जलवायु परिवर्तनको असरको बारेमा नीतिगत निमार्ण गर्ने केन्द्र तहदेखि स्थानीय तहसम्मका काममा निरन्तर समन्वय गरिरहेका छौँ", अध्यक्ष कार्कीले भन्नुभयो ।

मन्त्रालय अन्तर्गतको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख डा बुद्धिसागर पौडेलले नेपालले २०४५ सम्म कार्बन शून्यको अवस्थामा जाने लक्ष्य राखेकाले यी लक्ष्य प्राप्तिका लागि सरकार र सरोकारवाला निकाय मिलेर काम गर्नुपर्ने बताउनुभयो । जलवायु विज्ञ समा श्रेष्ठले जलवायुको सबैभन्दा ठूलो असर महिला तथा बालबालिकामा परेको बताउँदै यौन तथा प्रजनन अवस्थामा पनि जलवायुको असर परिरहेको उल्लेख गर्नुभयो ।

अर्का जलवायु विज्ञ मन्जित ढकालले विश्व तापमान वृद्धिले जलवायु परिवर्तन देखिएको र यसले विपद् निम्त्याएको बताउनुभयो । कार्बन उत्सर्जन घटाउनुपर्ने भए पनि विभिन्न मुलुकको अडानका कारण कार्बन उत्सर्जन रोक्न नसकिएको उहाँको भनाइ थियो । विज्ञ दिव्या गुरुङले निर्णय गर्ने छलफलमा पुरुष सहभागी हुने तर महिलालाई काम व्यस्ताका कारण सहभागी नगराउने गरिएको गुनासो गर्नुभयो । अर्का जलवायु विज्ञ राजु पण्डित क्षेत्रीले जलवायु परिवर्तनका असरले पारेका असर कम गर्न सबै मिलेर काम गर्नुपर्नेमा जोड दिनुभयो । रासस

# अरनिको राजमार्ग विस्तार गर्न बजेटको अभाव हुँदैनः अर्थमन्त्री डा महत



काभ्रे । अर्थमन्त्री डा प्रकाशशरण महतले अरनिको राजमार्ग विस्तारको लागि बजेट अभाव नहुने बताउनुभएको छ । सो सडक हाल छ लेनमा विस्तार भइरहेको छ ।

जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकको सातौं जिल्ला सभालाई शुक्रबार धुलिखेलमा सम्बोधन गर्दै उहाँले अरनिको राजमार्ग विस्तार गर्न बजेट अभाव नहुने बताउनुभयो । "अरनिको राजमार्गको सडक छ लेनमा विस्तार भइरहेको कामलाई बजेट रोकिँदैन, चाडै पूरा होस्, कुनै पनि कारण सो सडकलाई बजेट रोकिँदैन", मन्त्री डा महतले भन्नुभयो ।

तीन वर्षमा सक्ने गरी सूर्यविनायक-साँगा र साँगा-धुलिखेलको सडकखण्ड विस्तार गर्न छुट्टाछुट्टै दुई चरणमा सम्झौता भएअनुसार २०७९ फागुन १६ गतेदेखि साँगाबाट निर्माण थालिएको कूल १५ दशमलव पाँच किलोमिटर सडकमध्ये पहिलो चरणमा साँगादेखि धुलिखेल आठ दशमलव चार किमी सडकखण्ड बिस्तारकार्यका लागि रु चार अर्ब पाँच करोड ६४ लाख बजेट छ भने दोस्रो चरणमा सुरु भएको सूर्यविनायक-साँगा सडकखण्ड भने सात दशमलव पाँच किमिमा रु तीन अर्ब ८८ करोड ९३ लाखमा ठेक्का सम्झौता गरिएको छ ।

यस्तै मन्त्री डा महतले अरनिको राजमार्गअन्तर्गतकै कोदारी सडकखण्ड पुनःनिर्माणको बारेमा छिमेकी मुलुक चिनले चासो दिएको उल्लेख गर्दै उक्त सडक स्तरोन्नतिले काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकलाई व्यापारलगायत उत्पादनमूलक क्षेत्रमा वृद्धि गर्न मद्दत गर्ने छ भन्नुभयो "उक्त सडकको स्तरोन्नतिले पनि यस क्षेत्रको पर्यटन र कृषिमा टेवा पुग्नेछ, जसका कारण आर्थिक गतिविधि चलायमान भई नागरिकमा थप जागरुकता पैदा गर्नेछ", उहाँले भन्नुभयो ।

मन्त्री डा महतले हाल विदेशी मुद्राको सञ्चिति यथेष्ट भएकाले आयात निर्यातमा कुनै समस्या नभएको बताउनुभयो । उहाँले भन्नुभयो, "विदेशी र स्वदेशी पर्यटकको चहलपहल बढेको छ, यसले पनि आर्थिक अवस्थालाई टेवा पुग्नेछ ।" उहाँले चालु आवमा प्रदेश र स्थानीय तहलाई पर्याप्त बजेट विनियोजन गर्न नसकेको दुःख व्यक्त गर्दै सघीय सरकारले झैं सबैमा बराबरी प्रतिशत घटाइका उहाँको भनाइ थियो ।

मन्त्री डा महतले आउने समयमा अर्थतन्त्रले लय समात्नेमा विश्वास व्यक्त गर्दै निजी क्षेत्रले क्रियाशीलता बढाएकाले उक्त क्षेत्रलाई आगामी दिनमा सरकारले आत्मविश्वास दिलाउने काम गर्ने बताउनुभयो । यसअघि बजेट सुनिश्चिचता नहुँदा धेरै आयोजना अलपत्र परेको उल्लेख गर्दै उहाँले हरेक निर्जाचन क्षेत्रमा प्राथमिकता निर्धारण गरी विकास योजना बनाउन र बजेट माग गर्न आग्रह गर्नुभयो ।

सो कार्यक्रममा समितिका प्रमुख दीपक गौतमले आव २०८०/०८१ का लागि प्रस्तावित नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो । रासस

# विद्युतीय सवारीसाधनलाई थप प्रवर्द्धन गरिने छ : ऊर्जामन्त्री बस्नेत

काठमाण्डु । विद्युतीय सवारी तथा सामग्रीका बारेमा जानकारी गराउने उद्देश्यका साथ शुक्रबारदेखि यहाँ 'नेपाल इभी तथा नेपाल पावर लाइट एउण्ड इलेक्ट्रोनिक प्रदर्शनी'मेला सुरु भएको छ । ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले मेलाको शुभारम्भ गर्नुहुँदै मुलुक क्रमशः ऊर्जामा आत्मनिर्भर हुँदै गएकाले विद्युतीय सवारीसाधन र उपकरणको प्रयोगलाई बढावा दिने उद्देश्यका साथ सरकारले आफ्ना नीति तथा कार्यक्रम अगाडि बढाएको जानकारी दिनुभयो । उहाँले सरकार दीर्घकालीन सोचका साथ ऊर्जा क्षेत्रको विकासका लागि प्रयत्नशील रहेको बताउनुभयो ।

ऊर्जा क्षेत्रको समयानुकूल विकासका लागि सरकारले हालैमात्र नयाँ विद्युत् विधेयक तय गरेको र सङ्घीय संसद्मा पेस हुने चरणमा रहेको मन्त्री बस्नेतको भनाइ छ । विद्युतीय सवारीसाधनको प्रवर्द्धनका लागि देशभर नै चार्जिङ स्टेशनको निर्माणलाई अभियानका रुपमा अगाडि बढाउने लक्ष्यका साथ काम भइरहेको उहाँको भनाइ छ । सरकारले देशभर नै पाँच सय वटा चार्जिङ स्टेशन निर्माण गर्ने तयारी गरेको छ । यस्तै, नेपाल विद्युत् प्राधिकरणले निर्माण गरेका ५० वटा चार्जिङ स्टेशन एकाधबाहेक अधिकांश सञ्चालनमा आइसकेका छन् । वातावरणीय सुरक्षा र जलवायु परिवर्तनले पारेको प्रभाव नियन्त्रणका लागि पनि स्वच्छ ऊर्जाको पहुँच विस्तार गर्नुपर्ने आवश्यकता बढेर गएको स्पष्ट पार्दै मन्त्री बस्नेतले सोही दिशामा सरकारले आफ्नो लक्ष्य तय गरेको बताउनुभयो । रासस

# थाई पूर्वप्रधानमन्त्री थाक्सिनको जेल सजाय घटाइयो

**एएफपी**

बैङ्कक । थाइल्याण्डको जेलमा रहेका पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राको जेल सजाय घटाएर एक बर्ष मात्र बनाइएको छ। थाक्सिन १५ वर्षको निर्वासनबाट फर्केको केही दिनपछि शुक्रबार राजाले उहाँको जेल सजाय आठ वर्षबाट घटाएर एक वर्ष कायम गर्नुभएको हो ।

अर्बपति ७४ वर्षीय पूर्वप्रधानमन्त्रीले भ्रष्टाचार र पदको दुरुपयोग गरेको आरोपमा शाही माफीका लागि निवेदन दिएको एक दिनपछि यो कदम चालिएको हो । सन् २००६ को सैन्य 'कू' पछि अपदस्थ भएका थाक्सिन सन् २००८ पछि पहिलो पटक थाइल्याण्ड फर्के लगत्तै गत साता जेल चलान हुनुभएको थियो।



राजा महा वजिरालोङकोर्नबाट आंशिक क्षमादानको आधिकारिक पुष्टि राजपत्रमार्फत् गरिएको हो । घोषणाले प्रधानमन्त्रीका रूपमा देशको लागि उहाँको सेवालाई सङ्केत गरेको थियो । "उहाँ राजसंस्थाप्रति वफादार हुनुहुन्छ । मुद्दा चल्दा उहाँले न्याय प्रणालीको सम्मान गर्नुभएको थियो," थाक्सिनले थुप्रै स्वास्थ्य समस्यासँग जुधिरहेको पनि उल्लेख गर्दै विज्ञप्तिमा भनिएको छ।

विज्ञप्तिमा भनिएको छ, "थाइ नरेशले उहाँलाई आममाफी दिनुभएको छ। थुनामा रहेका थाक्सिन सिनावात्रालाई तोकिएको जेल सजायमा आंशिक क्षमादान गर्दै सजायलाई एक बर्षमा झारिएको छ। उहाँले आफ्नो विशेषज्ञता र अनुभवलाई देशलाई थप विकास गर्न प्रयोग गर्न सक्नुहवस् ।"

गत हप्ता मङ्गलबार पूर्वप्रधानमन्त्रीको स्वदेश फिर्ती उहाँको फेउ थाई पार्टी सैन्य समर्थक पार्टीहरूसँग गठबन्धन गरेर सरकारमा फर्केसँगै धेरैले उहाँको जेल समय कटौती गर्ने सम्झौता भएको अनुमान गरेका थिए। पूर्व टेलिकम टाइकून र म्यानचेस्टर सिटीका मालिक थाक्सिन आधुनिक थाई इतिहासमा सबैभन्दा प्रभावशाली तर विभाजनकारी व्यक्तिहरूमध्ये एक मानिनुहुन्छ।

सन् २००० को पहिलो दशकको सुरुतिर उहाँको पपुलिस्ट नीतिका कारण लाखौं ग्रामीण थाईहरूले मन पराएका उहाँको लामो समयदेखि देशको राजावादी र सैन्य समर्थक प्रतिष्ठानद्वारा आलोचना हुँदै आएको थियो । थाक्सिन र उनका सहयोगीहरूलाई सत्ताबाट बाहिर राख्ने संस्थापनपक्षको प्रयासले विगत दुई दशकमा थाई राजनीतिको अधिकांश भाग रङ्गिएको छ।

उहाँका समर्थकहरूले उहाँलाई बैङ्कमा अवतरण गर्दा नायकको रूपमा स्वागत गरेका थिए । त्यस लगत्तै उहाँलाई पक्राउ गरिएको थियो । उहाँ पक्राउ भएको केही घण्टापछि फेउ थाइकी श्रेता थाभिसिन प्रधानमन्त्रीमा नियुक्त हुनुभएको थियो। सन् २०१४ मा थाक्सिनकी बहिनी यिङलकलाई सत्ताच्युत गरिएपछि उत्त पार्टीबाट पहिलो पटक प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेको हो।

थाइल्याण्डमा पहिलो रात थाक्सिनलाई जेलबाट प्रहरी अस्पतालमा सारिएको थियो र जेलका मेडिकल अफिसरहरूले उहाँलाई मुटुसम्बन्धी समस्यालगायत विभिन्न स्वास्थ्य समस्याहरूको नजिकबाट निगरानी गर्नुपर्ने बताएका थिए।

थाक्सिनसँग सम्बन्धित पार्टीहरूले सन् २००१ देखि यस वर्षसम्मका हरेक थाई चुनावमा प्रभुत्व जमाएका थिए । तरु यो बर्षको निर्वाचनमा प्रगतिशील मुभ फरवार्ड पार्टी (एमएफपी) ले सबैभन्दा बढी सिट जितेको थियो।

तर नयाँ गठबन्धन सरकारले थाक्सिन र यिङलकलाई सत्ताच्युत गर्ने 'कू' गर्ने जनरलहरूसँग सम्बन्धित पार्टीहरूलाई ल्याउने क्रममा एमएफपीलाई सरकारमा सहभागी हुनबाट रोकेको थियो । यस घटनाले धेरै थाई नागरिकहरू आक्रोशित बनेका छन्।

# बहराइनमाथि नेपालको जित




काठमाण्डु । आइसिसी महिला टि-२० विश्वकप एसिया क्षेत्र छनोटमा नेपालले बहराइनलाई १० विकेटले पराजित गर्दै प्रतियोगितामा लगातार दोस्रो जित दर्ता गराएको छ।

मलेसियाको क्वालालाम्पुरमा शुक्रबार भएको खेलमा बहराइनले नेपाललाई जितका लागि ३२ रनको सामान्य लक्ष्य दिएको थियो । जवाफमा नेपालले २ दशमलव ५ ओभरमा कुनै विकेट नगुमाइ लक्ष्य पूरा गऱ्यो।

नेपालका लागि कविता कुवँरले अविजित १७ रनको योगदान दिइन् । उनले १४ बल खेल्दै तीन चौकाको मद्दतमा १७ रन बनाएकी हुन् । त्यस्तै सिता रानामगरले अविजित २ रन जोडिन्।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको बहराइनले १५ दशमलव ४ ओभरमा सबै विकेट गुमाउँदै ३१ रनमा समेटिएको थियो।

बहराइनका लागि कप्तान दीपिका रसङगिकाले सर्वाधिक ११ रनको योगदान दिइन । त्यसबाहेक बहराइनका अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन्।

बहराइलाई सस्तैमा समेट्ने क्रममा नेपालकी इन्दु बर्माले तीन विकेट लिएन भने खुसी डङ्गोलले दुई विकेट झारिन्। कविता कुवर, पूजा महतो र रुविना क्षत्रीले समान एक एक विकेट लिए। यसअघि हिजो भएको पहिलो खेलमा नेपालले मलेसियालाई ५ रनले पराजित गरेको थियो । त्यस्तै अब नेपालले आफ्नो तेस्रो खेल आइतबार भुटानसँग खेल्नेछ । रासस

# पारस खड्का बागमती प्रदेश क्रिकेट संघको अध्यक्षमा निर्वाचित

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली राष्ट्रिय क्रिकेट टिमका पूर्वकप्तान पारस खड्का बागमती प्रदेश क्रिकेट संघको अध्यक्षमा निर्वाचित भएका छन्। शुक्रबार भएको निर्वाचनमा पारसले उमेश पियालाई पराजित गरे। पारसले २३ मत पाउदा उमेशले १४ मत प्राप्त गरे।



उपाध्यक्षमा प्रेम क्षेत्री विजयी भए। उनले रुपक रञ्जितलाई २३-१४ मतले पछि पारे। सचिवमा प्रशन्न शाक्य निर्वाचित भए। उनले प्रज्वल सापकोटालाई २३-१४ कै अन्तरमा पछि पारे।

सन्जय बस्नेत कोषाध्यक्षमा निर्वाचित भए। उनले विजय बोहरालाई पछि पारे। सदस्यमा अजयवीर पाण्डे, अनिल अधिकारी, सन्जोक पोखरेल, सुजन महर्जन, निरा राजोपाध्यय, धिरज श्रेष्ठ, शेखर श्रेष्ठ, बसन्तराज सत्याल र अनुजमान श्रेष्ठ निर्वाचित भए।

यससँगै नेपाल क्रिकेट संघअन्तर्गतका सबै प्रदेशका निर्वाचन सकिएका छन्। क्यानको केन्द्रीय समितिको निर्वाचन आगामी असोज ५ र ६ मा हुँदैछ।

# पोप फ्रान्सिस मङ्गोलिया भ्रमणमा

**एएफपी**

उलानबटार । पोप फ्रान्सिस चीन र रुसबीचको भूपरिवेष्टित विशाल एसियाली राष्ट्रको भ्रमणमा शुक्रबार मङ्गोलियाको राजधानी उलानबटार आइपुग्नु भएको छ।



बौद्धमार्गीको बाहुल्य रहेको मङ्गोलियाको यो उहाँको पहिलो औपचारिक भ्रमण हो। छ्यासी वर्षीय पोपको चारदिने मङ्गोलिया भ्रमण यो देशमा रहेका करिब एक हजार चार सय क्याथोलिक समुदायका लागि समर्थन जुटाउन अधिकतम उपयोग हुने बताइएको छ।

अर्जेन्टिनाका नागरिक पोप बिहीबार रोमबाट मङ्गोलियाको राजधानी उलानबाटारको लागि प्रस्थानगर्नुभएकोथियो।नौघण्टाको विमानयात्रापूरागरेपछिउलानबटार विमानस्थलमा अवतरण गर्नुभएका उहाालाई विदेशमन्त्री बाटमुन्ख बत्तसेसेगले स्वागत गर्नुभएको थियो ।

विमान उडेको केही बेरमा आफूसँगै रहेका पत्रकारहरूसँग मङ्गोलियाको विशाल भूभाग तर कम जनसङ्ख्या भएको देशबारे अनुमान गर्न सकिने बताउँदै कूटनीति भने गाह्रो कर्म भएको उल्लेख गर्नुभयो । कहिलेकाँही कूटनीतिमा हास्यको भावना पनि चाहिने उहाँले बताउनुभयो।

चिनियाँ हवाई क्षेत्र पार गरेर मङ्गोलिया आउनुभएका पोपले चिनियाँ राष्ट्रपति सी चीनफिङलाई टेलिग्राम सन्देश पठाएर अभिवादनसहित उहाँप्रति शुभकामना व्यक्त गर्नुभएको छ। चीनको हित, शान्ति र एकताका लागि ईश्वरीय आशीर्वादको प्रार्थना गरेको उल्लेख गर्नुभएको छ।

गत सेप्टेम्बरमा कजाकिस्तानको भ्रमणपछि पोप फ्रान्सिसको यस क्षेत्रमा भएको यो दोस्रो भ्रमणको भूराजनीतिक एवम् रणनीतिक महत्व छ । यो भ्रमणलाई मङ्गोलियाको कमजोर लोकतन्त्रलाई सुदृढ तुल्याउन प्रोत्साहन गर्ने र गिर्जाघरलाई देशका विभिन्न भागमा सहज प्रवेश गर्न सघाउने विश्वास गरिएको छ।

मध्य एसियाप्रतिको होली सी दृष्टिकोण तथा रूस र चीनसँगको सहकार्यलाई निरन्तरता दिने नीतिका रुपमा बुझ्न क्याथोलिक धर्मका विद्वान् मिशेल च्याम्बोनले एएफपीलाई बताएका छन्।

# नोबेल पुरस्कारको भोजमा रुस, इरान र बेलारुसलाई पनि निम्तो

**एपी**

स्टकहोम। नोबेल फाउन्डेसनले गत वर्ष नोबेल पुरस्कार भोजमा आमन्त्रण नगरेका रुस, बेलारुस र इरानलाई यो वर्षको भोजमा सहभागी हुन निम्ता गरेको छ।

युक्रेन युद्धका कारण गत वर्ष रुस र बेलारुसलाई बोलाइएको थिएन भने इरानको नाजुक मानवअधिकारको स्थितिलाई दृष्टिगत गरी तेहरानलाई पनि भोजमा आमन्त्रित गरिएको थिएन। बेलारुस रुसको प्रमुख सहयोगी होभने उक्त देशका नेता अलेक्ज्याण्डर लुकाशेन्कोले रुसको विशेष सैन्य कारवाहीलाई समर्थन गरेका छन्।

तेहरानले लामो समयदेखि आफ्नो मानवअधिकारको अवस्थालाई लिएर अन्तरराष्ट्रिय जगत्बाट आलोचनाको सामना गरिरहेको छ । संयुक्त राष्ट्रसङ्घले त्यहाँको सरकारले गत वर्षको विरोध प्रदर्शनमा मानवता विरुद्धको अपराध गरेको हुन सक्ने बताएको छ

प्रत्येक वर्ष स्विडेनको राजधानी स्टकहोममा नोबेल पुरस्कारका छ वटामध्ये पाँच वटा समारोह स्टकहोममा आयोजना हुने गरेका छन्भने नोबेल शान्ति पुरस्कार नर्वेको राजधानी ओस्लोमा प्रदान गरिन्छ।

फाउन्डेसनले नोबेल पुरस्कारको मूल्य-मान्यता नमान्नेहरूलाई पनि समावेश गर्न खोजेको जनाएको छ। अध्यागमन विरोधी स्वीडेन डेमोक्र्याट पार्टीका नेता जिमी अक्सनलाई पनि यस वर्ष पहिलो पटक आमन्त्रित गरिएको तर उनले आफू त्यहाँ उपस्थित नहुने बताएका छन्।

फाउन्डेसनका कार्यकारी निर्देशक विदार हेल्गेसनले विश्वमा विभाजन बढ्दै गएको तथा क्षेत्रहरूमा विभाजित भइरहेको छ, जहाँ फरक विचारधारा भएकाहरूबीच संवाद पनि कम हुँदै गएकाले सबैलाई समेट्ने प्रयास गरिएको बताएका छन् । "यो प्रवृत्तिलाई रोक्न हामीले नोबेल पुरस्कारसँग स्वतन्त्र विज्ञान, स्वतन्त्र संस्कृति र स्वतन्त्र एवं शान्त समाजको महत्वलाई बुझाउन निमन्त्रणाको दायरालाई फराक पारेका छौं," हेल्गेसनले भनेका छन्।

# विश्व जुनियर च्याम्पियनसिपमा नेपालका ६ पौडी खेलाडी भिड्ने

**टुडे समाचारदाता**

काठमाण्डु । इजरायलको नेतन्यामा आयोजना हुने वर्ल्ड अक्वाटिक वर्ल्ड जुनियर स्विमिङ्ग च्याम्पियनसिप २०२३ मा सहभागी हुने नेपाली पौडी टोलीलाई आज एक कार्यक्रमका विच राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङ्गले शुभकामना सहित बिदाई गरे।




टोलीलाई बिदाई गर्दै सदस्य सचिव घिसिङ्गले खेलाडीले पुरानो इतिहासलाई हेरेर रमाउने नभइ आफैले नयाँ इतिहास कोर्नु पर्ने बताए। घिसिङ्गले खेलाडीहरुका लागि सहज बातावरण श्रृजना गर्न आफु हर समय लागि परेको बताए।

यहि भाद्र १८ देखि २३ गते सम्म आयोजना हुने च्याम्पियनसिपमा सहभागी हुन जाने टोलीको ब्यवस्थापकमा जेनीफर लामा र प्रशिक्षकमा पौडीका प्रमुख प्रशिक्षक शंकर कार्की रहेका छन्।

यस्तै खेलाडीहरुमा अजलकाजी ताम्राकार (५० मिटर बटरफ्लाइ र फ्रिस्टायल), इरभिन श्रेष्ठ (१०० र २०० मिटर फ्रिस्टायल), अल्भिन महर्जन (५० मिटर बटरफ्लाइ र १०० मिटर फ्रिस्टायल), उपास्ती महर्जन (५० र १०० मिटर ब्रेष्टस्ट्रोक), रोशा न्यौपाने (५० र १०० मिटर फ्रिस्टायल) र टिशा महर्जन (५० मिटर ब्याकस्ट्रोक र १०० मिटर फ्रिस्टायल) रहेका छन्।

बिदाई कार्यक्रममा संघका अध्यक्ष अशोक बज्राचार्य लगायतको उपस्थिती रहेको थियो। नेपाली टोली भोली बिहान ७ बजे इजरायल तर्फ प्रस्थान गर्ने कार्यक्रम रहेको छ।

# पूर्वराष्ट्रपति ट्रम्पको अदालती सुनुवाइको प्रत्यक्ष प्रसारण हुने

**एपी**

एटलान्टा । एटलान्टाको फुल्टन काउन्टीका एक न्यायाधीशले पूर्वअमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उहाँसँगै अभियोग लागेका अन्य १८ जनाको अदालती कारवाही टेलिभिजनमा प्रत्यक्ष प्रसारण गरिने बताएका छन्।

ट्रायल युट्युबमा लाइभ स्ट्रिम पनि हुने फुल्टन काउन्टी सुपीरियर कोर्टका न्यायाधीश स्कट म्याकफीले घोषणा गरेका छन्। सन् २०२० को राष्ट्रपतीय निर्वाचनमा जर्जिया राज्यमा भएको चुनावी धोखाधडी र आफ्ना प्रतिद्वन्द्वी जो बाइडेनलाई हराउन ट्रम्पसहित १९ जनाले षड्यन्त्र गरेको अभियोगको सुनुवाइ प्रत्यक्ष प्रसारण गर्ने घोषणा भएको हो।

बिहीबार दायर गरिएको अदालतको कागजातमा पूर्वराष्ट्रपति ट्रम्पले आरोपहरूको प्रकृति र अदालतमा उपस्थित हुने आफ्नो अधिकारलाई पूर्ण रूपमा बुझेको बताउनुभएको छ । यद्यपि उहाँले आफूख दोषी नभएको दाबी गर्दै आफूविरुद्ध लगाइएका मुद्दा राजनीतिक रूपमा प्रेरित भएको बताउनुभएको छ । गत साता उहाँले फुल्टन काउन्टीको जेलमा आत्मसमर्पण गर्नुभएको थियो।

अर्बपति व्यापारी ट्रम्पलाई गत अप्रिलदेखि चार पटक आपराधिक रूपमा अभियोग लगाइएको छ तर उहाँ आगामी वर्ष हुने राष्ट्रपति निर्वाचनमा भाग लिने दृढ निश्चयका साथ अघि बढ्नुभएको छ। जर्जियामा उहाँमाथि जालसाजी गरेको, सरकारी अधिकारीलाई झुठा बयान दिन अभिप्रेरित गरेकोलगायत चार वटा मुद्दा दायर गरिएको छ।

यसअघि पूर्वराष्ट्रपति ट्रम्पमाथि वयस्क चलचित्रकी नायिका स्टोर्मी डेनियलसँगको यौन सम्बन्ध, त्यसलाई सार्वजनिक नगर्न निजलाई भुक्तान गरिएको ठूलो रकम, आफ्नो निजी निवासमा गोप्य सरकारी कागजात राखेको र ती कागतपत्र सरकारलाई फिर्ता गर्न अस्वीकार गरेको तथा संसद् भवनमा समर्थक परिचालन गरेर तोडफोड र आक्रमण गराएको अभियोग लगाइएको छ।

सन् २०२० को जनवरी छ तारिखमा अमेरिकी संसद् क्यापिटल हिलमा भएको हुलदङ्गा एवम् आक्रमणमा सात जनाको मृत्यु हुनका साथै संसद्, महानगर र स्थानीय सुरक्षा निकायका एक सय ५० जना सुरक्षाकर्मी घाइते भएका थिए। त्यहाँ ट्रम्पले परिचालन गरेको भीडले अन्धाधुन्ध आक्रमण गरेको आरोप छ।

# श्रीलङ्कामा आर्थिक सङ्कटपछिकै सबैभन्दा कम मुद्रास्फीति

**एएफपी**

कोलम्बो । सङ्कटग्रस्त श्रीलङ्काको मुद्रास्फीति अगस्टमा ४.० प्रतिशतमा झरेको छ। यो गत वर्षको अकल्पनीय आर्थिक सङ्कटपछिको सबैभन्दा कम भएको सरकारी तथ्याङ्कले शुक्रबार देखाएको छ।



गत सेप्टेम्बरमा ६९.८ प्रतिशत रहेको मुद्रास्फीति दर जुलाईमा ६.३ प्रतिशत भएको र अगस्टमा आइपुग्दा ४.० प्रतिशतमा झरेको हो। श्रीलङ्काको केन्द्रीय बैंकले यो आँकडाले आफ्नो देशको मुद्रास्फीतिको घट्दो प्रवृत्तिलाई निरन्तरता दिने अपेक्षा गरेको छ।

आर्थिक सङ्कटका कारण श्रीलङ्काले गत वर्ष ४६ अर्ब अमेरिकी डलरको विदेशी ऋण तिर्न पनि नसकेपछि मार्चमा अन्तर्राष्ट्रिय मुद्रा कोषबाट चार वर्षको लागि २.९ अर्ब अमेरिकी डलर कर्जा प्राप्त गरेको थियो।

आईएमएफको एक टोली यसै महिना कोलम्बोमा श्रीलङ्काको सङ्कटग्रस्त वित्तको प्रगतिको समीक्षा गर्न र थप ३३ करोड अमेरिकी डलर ऋण किस्ता जारी गर्ने निर्णय गर्न कोलम्बोमा आउनेछ। खराब आर्थिक सङ्कट व्यहोरेको पछिल्लो अवस्थामा 'सुधारको अस्थायी सङ्केत' देखिएको अन्तर्राष्ट्रिय ऋणदाताले जनाएको छ भने कोलम्बोलाई अझै कडा सुधारहरू अगाडि बढाउन आवश्यक रहेको चेतावनी दिएको छ।

गत वर्षको आर्थिक सङ्कटका कारण महिनौंसम्म नागरिक अशान्ति मच्चिएको थियो जसले अन्ततः तत्कालीन राष्ट्रपति गोटबाया राजापाक्षेलाई अपदस्थ गरेको थियो।

उहाँका उत्तराधिकारी रानिल विक्रमासिङ्घेले आर्थिक सुधारका लागि करको दायरा दोब्बर पार्नुभएको थियो, ऊर्जा क्षेत्रमा दिइएको उदार अनुदान हटाउनुभएको थियो र राज्यको राजस्व बढाउनका लागि प्राय वस्तु तथा सेवाहरूको मूल्य बढाउनुभएको छ । सुधारको यस्तै प्रयास स्वरूप सरकारले शुक्रबारदेखि लागू हुने गरी पेट्रोल र डिजेलको मूल्यमा ११.२ प्रतिशतसम्म वृद्धि गरेको छ।

# विद्रोहीले थापेको धरापमा पाँच सैनिकको मारिए

**सिन्ह्वा**

मनिला । सन्दिग्ध विद्रोहीले थापेको विद्युतीय धरापमा परी फिलिपिन्समा पाँच जना सैनिकको मृत्यु भएको छ भने अन्य तीन जना घाइते भएका छन्।

राजधानी मनिलाको दक्षिणपूर्वमा रहेको क्वेजोन प्रान्तमा शुक्रबार बिहान संदिग्ध न्यू पिपुल्स आर्मी ९एनपीए० विद्रोहीले थापेको विद्युतीय धरापमा परी सरकारी सेनाका पाँच जवानको मृत्यु हुनका साथै अन्य तीन जना घाइते भएका फिलीपिनी सेनाको दक्षिणी लुजोन कमाण्डका प्रवक्ता डेनिस कानाले बताएका छन्।

देशका ग्रामीण क्षेत्रमा आक्रमण केन्द्रित गर्दै आएका विद्रोहीविरुद्ध कारवाही गर्न ट्र्यागकावायन सहरमा गइरहेका बेला उक्त दुर्घटना भएको जनाउँदै प्रवक्ता कानाले उक्त क्षेत्रमा विद्रोहीविरुद्धको कारवाहीलाइ अझ सशक्त बनाउन थप सैन्यबल परिचालन गरिएको बताएका छन्।

सन् १९६९ देखि एनपीए विद्रोहीहरू जनसाधारण, सशस्त्र बललगायत सुरक्षा निकायका सदस्यलाई आक्रमण गर्दै आएका छन्। सैन्य तथ्याङ्कअनुसार एनपीएमा दुई हजारको हाराहारीमा सदस्यहरू छन्। सन् ८० को दशकमा यो समूहसँग २० हजार सदस्य आबद्ध थिए । क्रान्तिकारी विद्रोहको माध्यमबाट सत्ता हासिल गर्न सकिन्छ भन्ने कम्युनिष्ट पार्टी एनपीएले ५४ वर्षदेखि सञ्चालन गरेको छापामार युद्धमा ४० हजारभन्दा बढीको मृत्युभएको छ।



धवलागिरि गाउँपालिका-१ गुर्जामा उत्पादन भएको उच्च घनत्व जातको स्याउ। गुर्जामा जिल्लामै पहिलोपटक परीक्षणका लागि गरिएको उच्च घनत्वको स्याउ खेतीको परीक्षण सफल भएको छ। *तस्बिर : रासस*

# बङ्गलादेशमा नेपाल प्रवर्द्धन

काठमाण्डु । नेपालको पर्यटकीय सम्भावना उजागर गरी बढीभन्दा बढी बङ्गलादेशी नागरिकलाई आकर्षण गर्ने उद्देश्यले बङ्गलादेशमा नेपाल प्रवर्द्धन गरिएको छ। प्यासिफिक एसिया ट्राभल एसोसिएसन (पाटा) नेपाल च्याप्टरले पाटा बङ्गलादेश च्याप्टरसँगको सहकार्यमा 'क्रस बोर्डर टुरिजम विथ नेइबर' नामक पर्यटन प्रवर्द्धनात्मक कार्यक्र गरेको हो।

बङ्गलादेश टुरिज्म बोर्ड, बङ्गलादेश पर्यटन कर्पोरेशन र पर्यटनसँग सम्बन्धित सबै सङ्घसंस्थाको सहकार्यमा यही भदौ नौदेखि १३ सम्म बङ्गलादेशको राजधानी ढाका र कोक्स बजारमा पर्यटन प्रवर्द्धननात्मक कार्यक्रम आयोजना गरिएको पाटा नेपालले आज विज्ञप्तिमार्फत जनाएको छ।

छिमेकी देशबीचको अन्तरदेशीय पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रममा नेपाल, भारत र बङ्गलादेशका सार्वजनिक र निजी पर्यटन क्षेत्रका सरोकारवाला गरी करीब दुई सय ५० को सहभागिता थियो । उक्त कार्यक्रम पाटा बङ्गलादेश च्याप्टरका अध्यक्ष



शाहिद हमिदको निमन्त्रणामा पाटा नेपाल च्याप्टरका अध्यक्ष विभुति चन्द ठाकुरको नेतृत्वमा १३ नेपाली पर्यटन प्रतिनिधि र भारतको सिलिगुरी अवस्थित हिमालयन हस्पिट्यालिटी एण्ड टुरिजम डेभलपमेन्ट नेटवर्क (एचएचटीडीएन)का महासचिव सम्राट सन्यालको नेतृत्वमा १६ जना भारतीय पर्यटन व्यवसायीले विदेशी प्रतिनिधिको रूपमा सहभागीता जनाएका थिए।

यस पाँच दिने परिचयात्मक भ्रमण एवं पर्यटन ब्यापार आदानप्रदान कार्यक्रमको उद्धाटन बङ्गलादेशका नागरिक उड्डयन तथा पर्यटनमन्त्री एवं महबुब अलीले गर्नुभएको थियो । कार्यक्रममा विदेशी प्रतिनिधिका लागि बङ्गलादेशको रमणीय एवं आकर्षक पर्यटकीय गन्तब्य तथा प्रोडक्टको परिचयात्मक भ्रमणसहित विदेशी प्रतिनिधि र स्थानीय पर्यटन उद्यमी तथा सरोकारवालाबीच बङ्गलादेशको ढाका र कक्स बजारमा बीटुबी आदानप्रदान सत्रसमेत आयोजना गरिएको थियो।

क्रसबोर्डर तथा क्षेत्रीय पर्यटन प्रवर्द्धन गर्नका लागि आवश्यक यात्रा औपचारिकतालाई सरल बनाउनुपर्ने र अन्तरदेशीय पर्यटक प्रवर्द्धनका उपायहरुलाई आ-आफ्नो व्यवसायमा एकीकृत यात्रा प्याकेजको रुपमा प्रवर्द्धन गर्नेजस्ता अन्य महत्त्वपूर्ण विषयमा छलफल भएको गिथो। रासस

# पठाओ एपमा फुड डेलिभरी सित्तैमा




**टुडे समाचारदाता**

काठमाण्डु । पठाओ नेपालले निःशुल्क फुड डेलिभरी सुरू गरेको छ। 'रेस्टुरेन्टको दाममा घरमै खाम' भन्ने नाराका साथ पठाओले बिहान ९ बजेदेखि मध्यरात १२ बजेसम्मका सबै फुड अर्डरहरू निःशुल्क डेलिभरी सुरू गरेको हो।

पठाओले सेप्टेम्बर २४ मा पाँचौं वार्षिकोत्सव मनाउँदैछ। सोही वार्षिकोत्सवलाई लक्षित गर्दै कम्पनीले निशुल्क डेलिभरी योजना सार्वजनिक गरेको प्रवक्ता शशांक शमशेर थापाले जानकारी दिए। यो महिना अरू पनि विभिन्न योजना र सहुलियत सार्वजनिक गर्ने कम्पनीको योजना छ। बिहान ९ बजे देखि राती ३ बजे सम्म फुड डेलिभरी गर्दै आएको पठाओ फुडले मध्यरात १२ बजेदेखि तीन बजेसम्म (तीन घण्टा) अवधीको फुड डेलिभरीमा भने १५० रुपैयाँ शुल्क लिनेछ।

गत जुन १० देखि जुन ३० सम्म कम्पनीले फुड फेस्ट सम्पन्न गरेको थियो। त्यस क्रममा कम्पनीले डेढ लाखभन्दा बढी अर्डर डेलिभरी गरेर फुड डेलिभरीमा नयाँ रेकर्ड कायम राखेको थियो। सो फुड फेस्ट पछि कम्पनीको दैनिक अर्डर पनि बढेको थापले जानकारी दिए। फुड फेस्ट बाहेक पनि पठाओ फुडले हरेक दिनजसो विभिन्न अफरहरु ल्याएर आफ्ना सेवाग्राहीहरुलाई विभिन्न छुटहरु दिइरहेको छ। कम्पनीले ६ सयभन्दा बढी रेष्टुरेन्टबाट सेवा प्रदान गरिरहेको पठाओ फुडले ग्राहकलाई सबैभन्दा छिटो डेलिभरी गरिरहेको कम्पनीको दावी छ।

नेपालमा सन् २०१८ को सेप्टेम्बर २४ देखि बाइक राइड सेयरिङ सेवा सुरु गरेको पठाओ नेपालले सन् २०१९ को अगस्ट ९ देखि कार लाइट (ट्याक्सी) सेवा सुरु गरेको हो। सन् २०२० सेप्टेम्बर २४ मा पठाओले होटल तथा रेस्टुरेन्टका खाजा तथा खानाका परिकारको होम डेलिभरी सेवा सुरु गरेको थियो।

त्यस्तै सन् २०२१ जुन १३ बाट ग्रोसरी सामान डेलिभरी गर्दै 'पठाओ बजार' पनि सुरु गरेको पठाओले सन् २०२३ अगस्ट ९ देखि पठाओ पार्सल सुरु गरेको छ।

# सिमेन्ट उद्योगको प्रदूषणबाट बिरामी

धादिङ । धादिङको धुनिबेँसी नगरपालिका-९ जुगेडीमा सञ्चालित युनाइटेड सिमेन्ट उद्योगबाट स्थानीय पीडित बनेका छन् । उद्योगबाट निस्कने धुवाँ, धुलो र ध्वनि प्रदूषणका कारण स्थानीय बिरामी पर्न थालेका छन् ।

शरीरभरीमा फोका आउने, चिलाउने, घाँटी सुक्नेजस्ता समस्याले स्थानीय हैरानी खेप्न बाध्य भएका छन् । पछिल्लो समय एलर्जीको समस्या जटिल बनेको छ। उद्योग सञ्चालन मापदण्ड पूरा नगरेर प्रदूषण बाहिरिएकै कारण मानव स्वास्थ्यमा त्यसको प्रत्यक्ष असर परेको स्थानीयको भनाइ छ।

उद्योग सञ्चालन हुन थालेको केही वर्षयता सामान्य रुघाखोकी र ज्वरोले मात्रै सताए पनि अहिले स्वास्थ्यमा दीर्घरोग देखिन थालेको छ । स्थानीय लक्ष्मी राई भन्नुहुन्छ, "उद्योगबाट निस्कने प्रदूषण बन्द भएन भने हामी अब यहाँ बस्न सक्ने अवस्था रहेन, ज्यान बचाउनकै लागि हामीले थाकथलो छाडेर जानुपर्ने अवस्था आयो।"

सिमेन्ट उद्योगबाट निस्केको प्रदूषणका कारण जुगेडीका करिब दुई सय ३० प्रत्यक्ष मारमा छन् । स्थानीयका अनुसार यहाँका करिब ५० जनाभन्दा बढीले अहिले घाँटी, छाला र आँखाको उपचार गराइरहेका छन् । धेरैले आफूखुसी उपचार गराइरहेका छन् भने केहीले उद्योग व्यवस्थापन पक्षकै व्यक्तिको रोहबरमा जाँच गराएका छन् ।

जाँच गर्न अस्पताल पुग्दा उद्योग व्यवस्थापन पक्षका व्यक्तिले स्वास्थ्यकर्मीलाई नै दबाबमा पार्ने गरेको पीडितको भनाइ छ। जाँच गरेपछि अस्पतालले दिएको रिपोर्टसमेत उद्योगका मानिसले राखेर आफूलाई हेर्न नदिएको उनीहरू बताउँछन् । घाँटी सुक्खा हुने र शरीरमा फोका आएर चिलाउने समस्या भएपछि केही दिनअघिमात्रै काठमाण्डुको वीर अस्पतालमा जाँच गराउँदाको रिपोर्ट नदिएको राईले बताउनुभयो।



"अस्पताल पुग्ने बित्तिकै टिकट उद्योगकै प्रतिनिधिले काट्नुभयो, लाइन बस्नु पनि परेन, सुरुमा दुई जनालाई सिधै भित्र छिराउनुभयो, रिपोर्टमा चाही केही देखिएन, सामान्य छ भन्यो", उहाँले भन्नुभयो । रिपोर्ट हामीलाई दिनुभएन", राईले भन्नुभयो, "पहिला पनि जाँच गरेको केही देखिएन भन्नुभयो, रिपोर्ट हामीलाई दिनुसूभन्दा माथि देखाउनुपर्छ, तपाइको घरघरमै ल्याइदिन्छौँ भनेर हामीलाई हेर्नै नदिइ लग्नुभयो, हामीलाई रिपोर्ट हेर्न दिएन।"

उहाँका अनुसार जाँचका क्रममा रगत, खकार, पिसाब, मधुमेह, रक्तचाप सबै जाँच भएको र डाक्टरले पनि कुनै समस्या नदेखिएको मौखिक जवाफ दिएको थियो । "हामीलाई रोग नै नलागेको हो की उद्योगका व्यक्तिले डाक्टरलाई नै दबाबमा राखेर लुकाइदिन लगाइदियो हामीले पत्तो लाउन सकेनौँ", स्थानीय शोभा राइले भन्नुभयो।

शोभाको घरमा शोभासहित श्रीमान् र छोराले पनि नियमित एलर्जीको औषधि प्रयोग गरिरहनुभएको छ। अस्पताल जाँदा एलर्जी हो भनेर पठाउने गरेको र के कारण एलर्जी भयो भन्ने कुरा नखुलाइदिने गरेको उहाँको भनाइ छ । उद्योग सञ्चालनमा आएको पाँच/छ वर्षसम्म खासै समस्या नभए पनि विस्तारै असर देखिन थालेको स्थानीयको भनाइ छ । वृद्धवृद्धामा दम खोकीको समस्या देखिएको स्थानीय रमेश राईले बताउनुभयो।

उद्योगबाट निस्कने प्रदूषणले मानवबस्तीमा मात्र नभएर खेतीबालीमा समेत असर पारेको छ । "मानव स्वास्थ्यमा त असर पारेकै छ, बारीमा तरकारी रोपे पनी फल्दैन, फले पनि खान मिल्दैन, तरकारीको पातभरी सिमेन्टको धुलो जमेको हुन्छ, कृषिउपज उत्पादनको पकेट क्षेत्रमा फलफूल र तरकारीको उत्पादन नै हुन छाड्यो", राईले भन्नुभयो।

अहिले उनीहरूले समूहगत रुपमै सिमेन्ट उद्योगविरुद्ध दबाब दिने अभियानसमेत चलाएका छन् । स्थानिय रमा राईको संयोजकत्वमा जुगेडी खाद्य अधिकार प्रभावित समूह बनेको छ। स्थानीयले उद्योग र धुनीबेसी नगरपालिकामा ज्ञापनपत्रसमेत पेश गरेका पनि छन्।

"वातारणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन माग गर्दा उद्योगले नदिएपछि सूचनाको हक प्रयोग गरेर राष्ट्रिय सूचना आयोगमार्फत प्रतिवेदन प्राप्त गरेका छन्, गत पुसमा वडा कार्यालयका जनप्रतिनिधि, स्थानीय समुदाय र उद्योग व्यवस्थापन पक्षसँग छलफल पनि भयो, त्यतिबेला उद्योग आउजाउ गर्ने सडक बाटो ढलान/पिच गर्ने र पुराना प्रतिबद्धता लागू गर्ने आश्वासन दिलायो", उहाँ भन्नुहुन्छ, "अहिले नगरपालिकाको न्यायिक समितिमार्फत छलफलका लागि उद्योगको व्यवस्थापन पक्षलाई बोलाउँदा पनि अटेर गरेको छ।"

धुनिबेँसीका वडा नम्बर २, ५ र ९ का बस्ती पनि प्रदूषणको मारमा छ । पशु वस्तुमा पनि मानिसमा जस्तै समस्या देखिएको बताइएको छ । उद्योगबाट निस्कने प्रदुषण नियन्त्रण गर्नका लागि स्थानीयले पटकपटक ध्यानाकर्षण गराउँदै आए पनि उद्योग सञ्चालकले बेवास्ता गरेको स्थानीयले गुनासो गरेका छन्।

युनाइटेड सिमेन्ट उद्योगले भने उद्योग सरकारले तोकेको मापदण्डमा रहेर सञ्चालनमा रहेको दाबी गरेको छ। स्थानीयबाट गुनासो आएपछि गाउँका र उद्योगका केही व्यक्तिलाई अस्पताल लगेर स्वास्थ्य परीक्षण गरेर समस्या पत्ता लगाउने काम गरिरहेको उद्योगका प्रमुख कार्यकारी अधिकृत भरत दाहालले बताउनुभयो।


उद्योगको वातावरणीय प्रदूषण मूल्याङ्कन गर्ने प्रक्रिया थालिएको उहाँको भनाइ छ । धुलो बढी निस्किएकाले भारतबाट प्राविधिक ल्याएर काम गरिरहेको जनाइएको छ। उहाँले भन्नुभयो, "प्लान्टको एउटा एरियाबाट धुलो बढी निस्किएकाले भारतबाट विज्ञ ल्याएर प्राविधिक जाँच गर्दैछौँ, हाल १० दिनदेखि प्लान्ट बन्द गरेर उद्योगको 'इक्वीकमेन्ट' मर्मतको काम भइरहेको छ।" वातावरण मन्त्रालयको मापदण्ड पूरा गरेर नै काम गरिरहेको उहाँको भनाइ छ। रासस

# सन्दकपुरमा व्यावसायिकरुपमा चौँरीपालन

इलाम। चौँरीपालन गरेर इलामका युवा व्यावसायिक बन्न थालेका छन्। लोप हुँदै गएको चौँरीपालन पेसाप्रति इलामको लेकाली क्षेत्रका युवाको आकर्षण बढेको हो।

सन्दकपुर गाउँपालिका-२ का रामबहादुर राई वैदेशिक रोजगारीमा गएको १० वर्षपछि फर्किएर चौँरीपालन गरिरहनुभएको छ। यस ठाउँको धुपी क्षेत्रमा परम्पारगतरूपमा चौँरीपालन हुँदै आएको थियो। अहिले राईको गोठमा २५ चौँरी छन् । उहाँले घरपालुवा उराङ जातिका चौँरीपालन गरेको बताउनुभयो।

सन्दकपुर-४ को बिखेभञ्ज्याङ क्षेत्रमा पनि चौँरीपालन गरिँदै आएको छ । उनीहरुले दूध, घ्यू र छुर्पी बेचेर वार्षिकरूपमा रु पाँच लाखसम्म आम्दानी गर्दै आएका छन्। हिमाली क्षेत्रको आम्दानीको



स्रोतका रूपमा रहेको चौँरीपालनमा युवाले सक्रियता देखाएका छन्।

लेकालीहावापानीशीतल-सुन्दर घाँसेमैदानमा सन्दकपुर-२ को धुपीक्षेत्र चौँरीपालनको पकेट क्षेत्र हो। तीन हजारदेखि छ हजार मिटर उचाइको हावापानी चौँरीका लागि अनुकूल मानिन्छ। चौँरी घरपालुवा र जङ्गली गरी दुई प्रकारको हुन्छ । उराङ जातको चौँरीलाई घरमा पाल्ने गरिएको छ।

फालेलुङमा चौँरीपालन व्यवसाय पछिल्लो समय बढ्दै गएको छ । चौँरीपालनमा युवा बढी संलग्न छन् । चौँरीको दूधबाट मात्र होइन रौँबाट पनि आम्दानी हुने गरेको छ । रौँबाट राडीपाखी बन्ने गरेको छ।रासस

## अगस्टमा भित्रिए ६७ हजार पर्यटक

**टुडे समाचारदाता**

काठमाण्डु । सन् २०२३ को अगस्ट महिनामा ६७ हजार पर्यटक नेपाल भित्रिएका छन्। पर्यटन बोर्डले दिएको सूचना अनुसार अगस्टमा ६७ हजार १५३ पर्यटक भित्रिएका हुन्।

अघिल्लो महिना (जुलाई)मा ५७ हजार पर्यटक भित्रिएका थिए। जुलाइको तुलनामा अगस्टमा नेपाल आउने पर्यटकको संख्या केही बढेको देखिन्छ।

अगस्टमा सबैभन्दा धेरै भारतीय पर्यटक आएका छन्। बोर्डकाअनुसार भारतबाट २६ हजार ६६५, चीनबाट ५ हजार २७, अमेरिकाबाट ४ हजार ६२ ९, श्रीलंकाबाट ३ हजार ८५८, बंगलादेशबाट ३ हजार १९० पर्यटक आएका छन्।

त्यस्तै बेलायतबाट २ हजार ७११, स्पेनबाट १ हजार ५८८, जापानबाट १ हजार ५२०, इटालीबाट १ हजार ४९६ र अष्ट्रेलियाबाट १ हजार ३४७ पर्यटक नेपाल आएका हुन्।

# प्रतितोला तीन सयले घट्यो सुनको मूल्य

काठमाण्डु । सुनचाँदी बजारमा शुक्रबार छापावाल सुनको मूल्य प्रतितोला रु तीन सयले घटेको छ। अघिल्लो दिन प्रतितोला रु एक लाख १२ हजार आठ सयमा कारोबार भएको सुनको मूल्य शुक्रबार प्रतितोला रु एक लाख १२ हजार पाँच सय निर्धारण गरिएको छ।




नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणअनुसार शुक्रबार तेजाबी सुनको मूल्य प्रतितोला रु एक लाख ११ हजार नौ सय ५० छ। यसको मूल्य अघिल्लो दिन रु एक लाख १२ हजार दुई सय ५० थियो।

त्यस्तै शुक्रबार चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला रु १० ले घटेर रु एक हजार चार सय ७० तोकिएको महासङ्घलेजनाएको छ । महासङ्घले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यका तुलनामा यहाँ दैनिक कारोबार मूल्य तोक्दै आएको छ। रासस

# 'नेपाल इभी इन्टरनेशनल शो' मा महिन्द्राका नयाँ विद्युतीय सवारीसाधन सार्वजनिक




**टुडे समाचारदाता**

काठमाण्डु । अग्नी इनर्जीले यस पटकको नेपाल इभी इन्टरनेशनल शो मा महिन्द्राको पछिल्लो उत्पादन महिन्द्रा 'ट्रीयो भोर डि भी' नेपाली बजारमा ल्याएको छ। अग्नी इनर्जी नेपालका लागि महिन्द्रा एण्ड महिन्द्रा लिमिटेडको प्यासेन्जर भेहिकलहरूको आधिकारीक वितरक अग्नि ग्रुपको सहायक कम्पनी हो। 'ट्रीयो भोर डि भी' नयाँ इलेक्ट्रिक थ्री-व्हीलर डेलिभरी भ्यान हो।

# पत्रकारसंग सम्बन्ध सुमधुर रहन्छ : प्रजिअ थापा

**टुडे समाचारदाता**

राजविराज । सप्तरीका प्रमुख जिल्ला अधिकारी किरण थापाले जिल्लाको शान्ति, सुरक्षा र सुशासनलाई चुस्त राख्न प्रशासन र पत्रकारबीच सुमधुर सम्बन्ध हुन आवश्यक रहेको बताएका छन् ।

जिल्ला प्रशासन कार्यालय सप्तरीमा शुक्रबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा उनले पत्रकार र प्रशासन एकअर्काको परिपूरक भएको भन्दै सुमधुर सम्बन्ध हुनुपर्ने आवश्यकता रहेको बताए ।

प्रजिअ थापाले जिल्लामा शान्ति सुरक्षा तथा सुशासन कायम राख्नको लागि पत्रकारहरुसंग सहकार्य गरेर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरे ।

हामीबीच जिल्लामा हुने सबैखाले बेथितिको अन्त्य गर्न सहकार्य जरुरी छ, उनले भने, प्रशासनबाट हुने कमीकमजोरीलाई पत्रकारहरुले निरन्तर खबरदारी गरे मात्र खराव बाटोमा हिड्नेहरु ठूलो दुर्घटनाबाट जोगिन्छन, त्यसका लागि प्रशासन र पत्रकारबीचको सहकार्यलाई प्रगाढ बनाउनमा कमी हुन दिन्न, हाम्रो सम्बन्ध सुमधुर रहन्छ ।



पत्रकारको सुरक्षामा कमी आउन नदिने बताउँदै प्रजिअ थापाले प्रशासन र पत्रकार दुबै पक्षको एक-आपसमा समान व्यवहारले सम्बन्ध विस्तारमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

उनले समाजलाई हानी र कुनै व्यक्तिलाई फाइदा हुने किसिमले समाचारलाई स्थान नदिन आग्रह गरे ।

सप्तरीमा खुल्ला सिमानाका कारण हुने चोरी निकासी, मिटर व्याज पीडितका नाममा हुने चलखेल, अस्पतालमा रहेको बेथिति, सडक दुर्घटना, स्थानीय तहहरुमा भइरहेको भ्रष्टाचारको घटना, विद्युत समस्या, खुलेयाम अखाद्य वस्तुको विक्री वितरण, फोहर व्यवस्थापन, सरकारी कार्यालयमा हुने ढिलासुस्ती, कर्मचारी अभाव र बिचौलियाको प्रभाव, लागू औषधको विक्री तथा युवापुस्तामा पारेको प्रभाव, छाडा चौपायाले निम्त्याएको समस्या, सार्वजनिक स्थानहरुमा भइरहेको चोरीका घटना, हत्या तथा अपराधिक घटनामा भइरहेको वृद्धिले शान्ति सुरक्षामा चुनौती थपेकोले यसलाई नियन्त्रण गर्न अग्रसर हुन पत्रकारहरुले सुझाव दिएका थिए ।

पछिल्लो समय प्रहरी प्रशासनबाट पत्रकार माथि कुटपिट, समाचार संकलनमा अवरोध, संविधान तथा मानव अधिकार उल्लंघनका घटनाले सप्तरीका पत्रकारहरु असुरक्षित रहेको भन्दै पत्रकारहरुले प्रजिअ थापाको ध्यानाकर्षण गराएका थिए ।

पत्रकारहरुले दिएको सुझावलाई गम्भीरतापूर्वक लिएको बताउँदै प्रजिअ थापाले क्रमशः कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गरे ।

संविधान र मानवअधिकार उल्लंघन गरेको आरोप लागेका सिडिओ भुपेन्द्र थापाको सरुवा भएपछि एकसाता अगाडि नयाँ सिडिओको रुपमा किरण थापा आएका छन् ।

# आवश्यक बजेट उपलब्ध नहुँदा निर्माण काम प्रभावित

**टुडे समाचारदाता**

जनकपुरधाम । पूर्व-पश्चिम कञ्चनपुर-कमला सडकखण्डमा आवश्यक बजेट उपलब्ध नहुँदा सडक र पुल निर्माणको कामले गति लिन सकेको छैन।

नेपाल सरकारको रूपान्तरणकारी गौरवको योजना अन्तर्गत पूर्व-पश्चिम लोकमार्गको पहिलो चरणमा सिरहाको कमलादेखि सप्तरीको कञ्चनपुरसम्म चार लेन सडक विस्तारको काम भइरहेको छ । उक्त लोकमार्गको सहरी क्षेत्रमा भने छ लेनको सडक निर्माण गरिने छ ।



कञ्चनपुर-कमला सडक योजना, सिरहा, पूर्वी खण्ड प्रमुख खड्गलाल श्रेष्ठका अनुसार एसियाली विकास बैङ्कको ७२ र नेपाल सरकारको २८ प्रतिशत संयुक्त लगानीमा कमला-कञ्चनपुर सडक निर्माणको काम सन् २०२० अक्टुबरबाट सुरु भइ आउँदो अक्टुबरसम्म सम्पन्न गर्ने गरी चीनका ठेकेदार कम्पनी चाइना रेलवे-२ इन्जिनियरिङ ग्रुपले पाएको छ ।

दुई वटा प्याकेजमा सुरु भएको सडक निर्माण अन्तर्गत सप्तरीको कञ्चनपुरदेखि कुशाहासम्मको ३९ किलोमिटर पूर्वी खण्डका लागि कुल सात अर्ब २७ करोड रुपियाँमा ठेक्का लागेको बताउँदै उनले कालोपत्रेसँगै ३९ वटा पुल निर्माण गर्नुपर्ने समेत बताए ।

स्थानीयवासीका अनुसार सडक निर्माणको समय सीमा सक्न केही महिना मात्र बाँकी छँदा अहिलेसम्म न त पुल निर्माण पूरा भएको छ न त कालोपत्रे बिछ्याउने काम नै सुरु भएको छ ।

नेपाली ठेकेदार कम्पनीजस्तै विदेशी ठेकेदार कम्पनीले पनि तोकिएको समय सीमाभित्र निर्माण काम पूरा गर्न नसकेपछि सर्वसाधारणलाई लामो समयदेखि हिलोको साथै धुवाँधुलोको सास्ती बेहोर्नु परेको छ । एउटै ठेकेदार कम्पनी र समय सीमा रहेको प्याकेज-२ अर्थात् सिराहाको बलानदेखि कमलासम्म पश्चिमी खण्डको अवस्था पनि यस्तै देखिएको छ ।

कञ्चनपुर-कमला सडक योजना, सिरहा, पश्चिमी खण्ड प्रमुख नारायण दत्त भण्डारीका अनुसार पश्चिमी खण्डको कुल ४७ किलोमिटर सडक निर्माण कामको ठेक्का आठ अर्ब ३८ करोड रुपैयाँमा लागेको छ भने यस अन्तर्गत २५ वटा पुल र ११५ वटा कल्भर्ट निर्माण गर्नुपर्ने छ ।

नयाँ प्रविधिबाट निर्माण भइरहेको कालोपत्रे, पुल र कल्भर्टका लागि सप्तरी र सिराहामा छुट्टाछुट्टै निर्माण कम्पनीले प्लान्ट नै स्थापना गरेर काम अगाडि बढेको उनले बताए ।

प्लान्टमै पुलका बिमसहितका आवश्यक संरचना निर्माण भइरहेको र त्यहाँबाट ल्याएर निर्माणस्थलमा राख्ने गरिएको छ भने कालोपत्रेका लागि प्लान्ट पनि स्थापना भइसकेको र अधिकांश काम प्लान्टभित्रै भइरहेकाले तत्काल परिणाममुखी नदेखिएको हुँदा अब चाँडै देखापर्ने उनले जानकारी दिए ।

# शिक्षक दरबन्दी कट्टा गर्न खोजेको आरोप

**टुडे समाचारदाता**

राजबिराज । सप्तरीको राजगढ गाउँपालिका ३ स्थित जनता शंकर माध्यमिक विद्यालय नर्घोमा व्यवस्थापन समितिले आर्थिक अनियमितता गर्न दरबन्दीका शिक्षक कट्टा गर्ने षडयन्त्र गरिरहेको जग्गा दाताले आरोप लगाएका छन् ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वीरेन्द्र यादब सहितका केही सदस्य तथा शिक्षकको मिलेमतोमा आफ्नो अनुकूल निमित्त प्राधानाध्यापक बनाउने षडयन्त्र गरेको जग्गा दाता रामचन्द्र यादबले आरोप लगाएका छन् ।




यस बारे राजगढ गाउपालिकाका अध्यक्ष ओमप्रकाश मण्डललाईसमेत ध्यानाकर्षण गराइएको उनले जानकारी दिए ।

हुलाक मार्फत दाता परिवार तथा अभिभावकहरु समेत गरी १ सय ९५ जनाको हस्ताक्षरसहित गाउँपालिकामा पठाइएको ध्यानाकर्षण पत्रमा विद्यालय व्यवस्थापन समिति र केही शिक्षकहरूले शैक्षिक वातावरण बिगार्न लागेको भन्दै आवश्यक कारबाहीको माग गरिएको उनले बताए ।

विद्यालयलाई ५ बिगाहा १० कठ्ठा जग्गा दान गर्ने दाता एवम् व्यवस्थापन समितिका पूर्व अध्यक्ष रामचन्द्रले दरबन्दी अनुसार शिक्षक कम रहेको बेला थप शिक्षकको आवश्यकता रहेको अवस्थामा दरबन्दी कट्टा गर्नु दुर्भाग्य रहेको बताए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष यादबले विद्यालय जस्तो पवित्र स्थानमा आर्थिक अनियमितता गर्ने नियतबस भएको दरबन्दी कट्टा गरी आफू अनुकूल निमित्त प्राधानाध्यापक बनाउन षड्यन्त्र गरेको आरोप लगाए ।

वर्तमान निमित्त प्रधानाध्याक रवीन्द्र साहलाई दरबन्दी समेत कट्टा गर्ने गरी अन्यन्त्र सरुवा गर्ने षडयन्त्र गरिरहेकोले तत्काल रोक्नका लागि गाउँपालिका अध्यक्षलाई ध्यानाकर्षण पत्र बुझाउदा समेत सुनुवाइ नभएको जग्गा दाता रामचन्द्रले गुनासो गरे ।

जग्गा दाता रामचन्द्रले हालसम्म विद्यालयको खाता समेत खोल्न व्यवस्थापन समितिले असहयोग गरेको कारण शैक्षिक अवस्था अस्तव्यस्त भएको आरोप लगाए ।

दश बर्ष लामो जिम्मेवारीमा रहेका तत्कालिन प्रधानाध्यापक नारायणले विद्यालयको जिम्मेवारी पाए देखि हालसम्मको कुनै किसिमको हरहिसाव नबुझाएको अभिभावकहरूले आरोप लगाएका छ्न् ।

दरबन्दी अनुसार विद्यालयमा शिक्षक कमी रहेको अवस्थामा व्यवस्थापन समिति र शिक्षकहरूको मिलेमतोमा भष्टाचार गरेको र दाताले दिएको जग्गा बेचेकोले सो सम्बन्धमा अख्तियारवाट छानबिन र अनुसन्धान कार्य समेत भइरहेको अभिभावकहरुले जानकारी दिए ।

यता विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वीरेन्द्र यादबले दाता परिवार तथा अभिभावकहरूले लगाएको आरोप निराधार रहेको र दरबन्दी कट्टा गर्न कुनै निर्णय नभएको दावी गरे ।

उनले विद्यालयलाई नमुना बिद्यालय बनाउनका लागी प्रधानाध्यापकको बिज्ञापन गर्ने प्रकियामा रहेको प्रतिक्रिया दिए ।

शिक्षकको दरबन्दी थप्नुको साट्टो भएको दरबन्दी समेत कट्टा गरी निमित प्राधानाध्यपक रबीन्द्र साहलाई सरुवा गर्ने षयडन्त्र भइरहेको भन्दै जग्गा दाता, अभिभावक र स्थानियवासीहरूले कडा आन्दोलन गर्ने चेतावनी दिएका छन ।

राजगढ गाउँपालिकाका अध्यक्ष मण्डलले विद्यालय व्यवस्थापन समितिको बहुमतबाट दरवन्दी काट्ने निर्णयसहितको पत्रमा प्रमुख प्रशासकीय अधिकृत धिरेन्द्र प्रसाद यादवको तोक आदेश सहितको पत्र प्राप्त भएको बताए । दाता परिवारसहितका अभिभावकहरुको समेत ध्यानाकर्षण पत्र पाएको बताउदै अध्यक्ष मण्डलले दुबैपत्र शिक्षा विकास तथा समन्वय इकाई सप्तरीको कार्यालय पठाउने जानकारी दिए ।

वि.स २००७ सालमा स्थापना भएको जनता शंकर माबि राजगढ ३ नर्घो (पछवारी टोल) विद्यालयमा हाल १७ सय छात्रछात्राहरू अध्ययनरत रहेका छन ।

# मिल बन्द भएपछि टयाक्ट्र र टाएर गाडा किन्न छाडे साहु महाजन

**टुडे समाचारदाता**

रौतहट । रौतहटको सबैभन्दा ठूलो उद्योगको रुपमा रहेको श्रीराम सुगर मिल्स गरुडा बन्द भएपछि साहु महाजनहरु टयाक्ट्र र टाएर गाडा किन्न छाडेका छन् ।

जिल्लाको गरुडा नगरपालिका-४ महम्मदपुर गरुडामा २०४९ सालमा स्थापित श्रीराम सुगर मिल्स २०७७ सालदेखि पूर्णरुपमा बन्द रहेको छ । उक्त चीनी मिल्स बन्द भएपछि रौतहटका अधिकांश साहु महाजनहरु पछिल्लो समय टयाक्ट्र र टाएर गाडा किन्नै छाडेका छन ।

पहिला मिल निरन्तर सञ्चालन भइरहँदा यहाँका किसानहरु खासगरी उखुबाली नै लगाउने गरेका थिए । उखु नगदेबाली भएको हुँदा यहाँका अधिकांश किसान अन्य बाली छाडेर उखुबाली नै लगाउने गर्थे ।

किसानहरुले लगाएको उखुबाली चीनी मिलसम्म पुर्याउन टयाक्ट्र र टाएर गाडाको प्रयोग गरिन्थ्यो ।




उखु ढुवानी गर्न त्यतिबेला गाउँघरका प्राय सबैजसो साहु महाजनहरु टयाक्ट्र, टाएर गाडा राख्ने गरेका थिए ।

त्यतिबेला गाउँघरका साहुमहाजनले टयाक्ट्र, टाएर गाडा अनिवार्य राख्ने चलन जस्तै थियो ।

आफ्नो उखु र भाडामा समेत उखु ढुवानी गर्नका लागि त्यतिबेलाका साहु महाजनहरुबीच टयाक्ट्र र टाएर गाडा किन्ने होडबाजी नै चल्ने गरेका कारण एउटा गाउँमा कम्तीमा एक दर्जनभन्दा बढी टयाक्ट्र हुनेगर्दथ्यो ।

उखुबालीको कारण त्यतिबेला गाउँ गाउँमा यति टयाक्ट्र र टाएर गाडा थियो कि गरुडा श्रीराम सुगर मिल्सको १ देखि २ किलोमिटरसम्म वरिपरिसम्म उखु लोड गरेको टयाक्ट्र र टाएर गाडाको लाम नै लाग्ने गर्दथ्यो जसका कारण घण्टौंसम्म गरुडा वरिपरिका सडकहरुमा जाम लाग्ने गरेको थियो ।

तर श्रीराम सुगर मिल्स बन्द भएपछि त्यतिबेलाका साहु महाजनहरु अहिले टयाक्ट्र र टाएर गाडा किन्नै छाडेका छन् ।

साहु महाजनहरु अहिले टयाक्ट्र र टाएर गाडा किन्नै छाडेका कारण अचेल गाउँघरमा अब टयाक्ट्र र टाएर गाडा बिरलै हेर्न पाईन्छ । पहिला पहिला गाउँघरमा दर्जनौको संख्यामा भेटिने टयाक्ट्र र सयौंको संख्यामा भेटिने टाएर गाडा अब मुस्किलले केही मात्रामा मात्रै भेटिने गरेको देखिन्छ ।

गरुडा नगरपालिका-४ का पूर्व वडा अध्यक्ष चुनचुन साहले श्रीराम सुगर मिल्स बन्द हुँदा गरुडाका उद्योगी व्यापारीमाथि ठूलो असर परेको बताए ।

मिल बन्द हुँदा टयाक्ट्र किन्नेहरुको संख्यामा कमी आउँदा टयाक्ट्रका पार्टस पुर्जा देखि लिएर मेशिनरीका अन्य सामानहरु बिक्री नहुँदा गरुडाका व्यापारीहरुको व्यापार नै समाप्त भएको साहले बताए ।

उनले भने, 'मिल्स सञ्चालन भएको बेला गाउँघरमा धैरै टयाक्ट्र हुन्थ्यो जस कारण टयाक्ट्र मर्मत सम्भार देखि लिएर टयाक्ट्रका पार्टस पुर्जा अत्याधिक मात्रामा बिक्री हुन्थ्यो, ।'

गरुडा चीनी मिल बन्द हुँदा गरुडाको सयौं व्यापारी नराम्ररी प्रभावित बनेको र गरुडाको व्यापारमाथी ठूलो असर परेकोले बन्द भएको श्रीराम सुगर मिल्स जसरी भएपनि सञ्चालन गर्नुको विकल्प नभएको उनले बताए ।

केही दिनभित्रमा आफ्नै नेतृत्वमा एउटा छुट्टै संघर्ष समिति गठन गरी मिल्स संचालनका लागि काठमाण्डुको माइतीघर मण्डला केन्द्रित आन्दोलन थाल्ने साहले बताए ।

# गाडी दुर्घटनामा मेयरसहित चार जना घाइते

**ओमप्रकाश यादव**

रौतहट । रौतहटको माधवनारायण नगरपालिकाका मेयर बैजनाथ प्रसाद यादव सवार गाडी बिहीबार राति दुर्घटनामा परेको छ ।

रौतहटबाट मधेश प्रदेशको राजधानी जनकपुर जाँदै गरेको अवस्थामा नगरपालिकाको ना १ भ्र १६६७ नम्बरको गाडी जनकपुरधाम उपमहानगरपालिका-१४ बाबा पेट्रोल पम्प नजिक दुर्घटना हुँदा मेयर यादवसहित गाडीमा सवार अन्य चार जना घाइते भएका छन् ।




बिहीवार राति करिव ११ बजेको समयमा भएको दुर्घटनामा माधवनारायणका मेयर बैजु भन्ने बैजनाथ प्रसाद यादव, हरिनारायण यादव, रामयाद राय सहित चार जना घाइते भएका छन् ।

तीव्र गतिमा जाँदै गरेको गाडी एक्कासी सडकबाट नहरमा खसेर दुर्घटनाग्रस्त भएको थियो । दुर्घटना लगत्तै धनुषा प्रहरीले उनीहरुलाई उद्दार गरेको थियो । गाडी रोडबाट नहरमा खसेको कारण गाडीमा समेत क्षति पुगेको छ ।

दुर्घटनामा परेका चारै जनाको शरीरको विभिन्न भागमा चोटपटक लागेको छ। घाइते मेयर यादव सहित चारै जनाको प्रादेशिक अस्पताल जनकपुरमा उपचार भइरहेको र उनीहरुको अवस्था अहिले सामान्य रहेको प्रहरीले जनाएको छ ।

गाडी कसरी दुर्घटना भयो र मेयर यादव नगरपालिकाको कि आफ्ना कुनै व्यक्तिगत कामले जनकपुर आउँदै थिए भन्ने विषयमा थाहा नभएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

> बिहीवार राति करिव ११ बजेको समयमा भएको दुर्घटनामा माधवनारायणका मेयर बैजु भन्ने बैजनाथ प्रसाद यादव, हरिनारायण यादव, रामयाद राय सहित चार जना घाइते भएका छन् ।

# जनशक्ति अभावमा सेवा प्रभावित

**टुडे समाचारदाता**

रौतहट । जिल्ला भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र रौतहटमा जनशक्तिको अभाव देखिएको छ ।

दरबन्दी अनुसारको कर्मचारी मधेश प्रदेश सरकारले पूर्ति गर्न नसक्दा सेवा प्रवाहमा नकारात्मक असर परिरहेको बताइन्छ ।

मधेश प्रदेश सरकारको कृषि भूमि व्यवस्था तथा सहकारी मंत्रालयले पशु सेवा विज्ञ केन्द्र तथा कृषि ज्ञान केन्द्रमा कर्मचारीको रिक्त रहेको दरबन्दी समयमा पदपूर्ति गर्न नसक्दा काम काज गर्नमा निकै कठिनाईको सामना गर्नु परिरहेको कार्यालय प्रमुख इन्द्रदेव साहले जनाएका छन् ।

पशु सेवा विज्ञ केन्द्रमा १५ जना कर्मचारीको दरबन्दी रहेको छ तर हाल ६ जना कर्मचारी कार्यरत रहेकाले सेवाग्राहीहरुलाई छिटो छरितो सेवा प्रवाह गर्न समस्या भइ रहेको प्रमुख साहको भनाइ छ ।

कार्यालयमा १५ जना मध्ये हाल ६ जना कर्मचारी कार्यरत रहेको देखिएको छ । कार्यरत कर्मचारीमा पशु चिकित्सक १ , प्राविधिक सहायक मत्स्य १ , पशु सेवा प्राविधिक १ , नायव प्राविधिक सहायक मत्स्य १ , नायव पशु सेवा प्राविधिक १ र कार्यालय सहयोगी १ करारमा रहेका छन ।

मधेश प्रदेश सरकारका मातहतमा रहेका सरकारी कार्यालयको अवस्था यस्तै रहेका छन । कृषि ज्ञान केन्द्र , प्रादेशिक अस्पताल , जलस्रोत तथा सिचाई डिभिजन कार्यालय , पूर्वाधार विकास कार्यालयमा जनशक्तिको अभाव नै देखिएकोले मधेश प्रदेश सरकारले समयमा कर्मचारी पदपूर्ति गर्ने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिएको छ ।

# डिएचआई को रिटेलर मिट सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा डिएचआई को रिटेलर मिट सम्पन्न भएको छ ।

शुक्रबार धनुषाभरिका बिक्रेताहरुसंग भेटघाट कार्यक्रममा कम्पनीका नयाँ उत्पादनको बिक्री, विस्तार, समस्या र अवस्थाका बारेमा छलफल भएको थियो ।




नेपाली बजारलाई लक्षित गरी डिसहोमको भगिनी संस्थाको रुपमा रहेको डिएचआईले गुणस्तरीय विद्युतीय सामान सुलभ मूल्यमा उपलब्ध गराउँदै आएको कम्पनीका महाप्रबन्धक नवीन पोखरेलले जानकारी दिए ।

उनले हाल जनकपुरधाममा डिएचआईको डिलरको रुपमा न्यू राम जानकी ट्रेडर्स एण्ड सप्लायर्स रहेको र ४८ जना खुद्रा बिक्रेताहरु रहेको जानकारी दिए ।

उनले चालु आर्थिक वर्षभित्र करीब एक सय जना खुद्रा बिक्रेता पुग्ने अनुमान रहेको जानकारी दिए ।

**लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।**

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं ।
- घर वरीपरी पानी जम्न नदिऔं ।
- घर तथा गोठ वरीपरी सफा सुग्घर राखौं ।
- गोठ तथा खोर घरभन्दा टाढा राखौं ।

**लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८